# संघीय संसद
# राष्ट्रिय सभा
# चौधौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २४ वैशाख २०८०
# आइतवार
# बैठक सङ्ख्या- १

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १६:०० बजे प्रारम्भ भयो ।

**(१६:०४ बजे)** **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, सर्वप्रथम सभाको चौथो अधिवेशनको पहिलो बैठकमा उपस्थित सम्पूर्णमा माननीय सदस्यहरूलाई म हार्दिक स्वागत गर्दछु ।

माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट अधिवेशन आह्वानसम्बन्धी पत्र प्राप्त हुन आएको छ । अब म उक्त पत्रको बेहोरा जानकारी गराउँछु ।

राष्ट्रिय सभा सिंहदरबार,

काठमाडौं ।

नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम संवत् २०८० साल वैशाख २४ गते आइतवारका दिन १६:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँबानेश्वरमा संघीय संसदको दुवै सदनको अधिवेशन आह्वान गरेको छु ।

(रामचन्द्र पौडेल)

राष्ट्रपति

२०८० वैशाख २०

माननीय सदस्यहरू, अब लोकतन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट उठेर मौन धारण गरौं । सुरु ।

(मौनधारण) ।

धन्यवाद ।

माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट मन्त्रीको नियुक्त र कार्यभार तोकिएकोसम्बन्धी पत्र प्राप्त हुन आएको छ । अब म उक्त पत्रको बेहोरा जानकारी गराउँछु ।

विषयः- मन्त्रिपरिषद् गठन सम्बन्धमा ।

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूको नेतृत्वमा मिमि २०७९/०९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा मिति २०८०/०१/२० गते देहायबमोजिमको नियुक्ति र कार्यविभाजन गर्नुभएको बेहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री धनराज गुरुङ | मन्त्री | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| २. | श्री मोहनबहादुर बस्नेत | मन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| ३. | श्री डिगबहादुर लिम्बू | मन्त्री | युवा तथा खेलकुद मन्त्रालय |

(यादवप्रसाद कोइराला)

सचिव

२०८०/०१/२१

चौधौं अधिवेशन प्रारम्भ भएको अवसरमा आफ्नो मन्तव्य राख्नका लागि राष्ट्रियमा प्रतिनिधित्व गर्ने दलहरूको तर्फबाट नाम प्राप्त भएको छ । अब म वहाँहरूलाई क्रमशः समय उपलब्ध गराउँछु ।

सर्वप्रथम माननीय सदस्य गंगा कुमारी वेलबासे ।

(१६:०७ बजे) **मानननीय गंगा कुमारी वेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, देश जनता र राजनीतिक परिवर्तनको लागि ज्यानको आहुति दिने सम्पूर्ण सहिदहरूमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु ।

विभिन्न आन्दोलन र दस वर्षे जनयुद्धको क्रममा बेपत्ता घाइतेहरूप्रति सम्मान व्यक्त गर्न चाहन्छु । यस चौधौं अधिवेशनको यस शुभ अवसरमा सम्पूर्ण माननीयज्यूहरू मन्त्रीज्यूहरू र यहाँ उपस्थित हुनुभएका सम्पूर्णमा हार्दिक अभिवादन व्यक्त गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, सरकारले छोटो समयमा केही राम्रा कामहरू गर्दै अगाडि आएको छ । यद्यपि सरकारको पूर्णता पाउनका लागि केही समयहरू लाग्यो र यो बिचमा प्रधानमन्त्रीज्यूले दुईपटक विश्वासको मत लिनुभएको छ । यस्तो अप्ठ्यारो परिस्थितिमा पनि सरकारले देखाएका राम्रा कदमहरूले गर्दा नेपाली जनतामा केही आशाका किरणहरू पलाएका छन् । सरकार र नेताहरूप्रतिको अविश्वास केही घटेको छ र विश्वास बढेको अहिले महसुस भएको छ । सरकारले राम्रा कामको सुरुआत गरेको यस अवसरमा दशकौंदेखि विद्यार्थीहरूले समयमा पुस्तक पाएका थिएनन् । अहिले नयाँ सेसन सँगसँगै पुस्तकहरू पाउँदा हुनै पर्ने काम पनि हामीलाई नौलोजस्तो भएको छ र एउटा राम्रो काम भएको छ ।

राष्ट्रिय आविष्कार केन्द्र र मिटरब्याजीहरूले गरेका आन्दोलनहरूमा सरकारले वार्ता गर्दै वहाँहरूका मागहरूलाई पूरा गरेर मिटरब्याजमा अपराधीहरूलाई कारबाही गर्ने कानुन ल्याउनका लागि सरकारले अध्यादेश नै जारी गरेको छ । एउटा यी कामहरूले सरकारमा विश्वास बढेको छ र अर्को नेपाललाई नक्कली भुटानी शरणार्थी निर्माण गरेर मानव तस्करी गर्ने देशको बदनाम गर्ने जनतालाई बिच्चल्ली बनाउने मानव बेचबिखन, ओसारपोसारजस्ता अपराधलाई जस्तो सुकै हाई प्रोफाइल भए पनि अपराधीलाई छोडिँदैन भन्ने किसिमले जुन सरकार अगाडि बढेको छ । यसले सबै नेपालीहरूमा एउटा उत्साह ऊर्जा र सरकारप्रतिको एउटा विश्वास पनि बढेको छ । गृहमन्त्रीज्यूले भन्नुभएको छ । कसैको दबाब र प्रभावमा नपरी अनुसन्धान अगाडि बढाउनुस् । राजनीतिक हस्तक्षेपको सामना मैले गर्छु जुन ढङ्गको आँट र साहास देखाउनुभएको छ । त्यसको लागि म यस सदनमा सम्माननीय अध्यक्षज्यूमार्फत सलाम गर्न चाहन्छु ।

यस्तै गरेर सरकारले थुप्रै कामहरू अगाडि बढाएको छ । वर्षौंदेखि निर्माण कार्यलाई ओगटेर बस्ने, पूरा नगर्ने हाम्रा गौरवका योजनाहरूलाई लथालिङ्ग गर्ने कामहरूलाई सरकारले तदारुकताका साथ अगाडि बढाउन र नसक्नेहरूलाई चाहिँ यो ओगटेर नबस्नका लागि पनि निर्देशन गरेको छ र त्यस्ता केही समस्याहरू जहाँ छन् त्यहाँ कारबाही पनि अगाडि बढाएको

छ । र थुप्रै कामहरू गर्दै अगाडि बढ्दै छ । यस्ता शुभ सङ्केतहरू छन् । र यतिखेर सरकारले नयाँ नीति नयाँ कार्यक्रम नयाँ बजेटसहित अगाडि बढ्ने जुन सरकारलाई अवसर छ । त्यसमा जनतालाई राहात हुनेखालका कार्यक्रमहरू आओस् । जनतालाई दुःख दिने खालका योजनाहरू बनुन् र ती नीतिहरूले नेपाली जनताहरूलाई विदेश जान नपरोस् । नेपाली जनताहरूले आफ्नो काम गरेर देशमा बस्न, बाँच्न पाउने अवस्था छ भनेर आशा गर्न सक्ने अवस्था बनोस् भन्ने कुराहरू म राख्न चाहन्छु ।

मुलुकको अर्थतन्त्र सङ्कटमा छ । श्रीलङ्काको गतिमा छ भनेर भनिराखेको अहिलेको अवस्था छ । हामीले यस सदनबाट एउटा समसामयिक प्रस्ताव सार्वजनिक महत्त्वको प्रस्ताव पनि पास गरेका छौं र सरकारले हामीलाई जवाफ पनि दिएको छ । यो आर्थिक समस्यालाई हल गर्नका लागि सरकारले उचित कदमहरू चालोस् । हामी त्यसमा साथ सहयोग गर्न चाहन्छौं । सक्षम छ र हामी गर्न सक्छौं भन्ने कुरा देशले देखाउन पर्छ भन्ने मलाई लाग्छ । आर्थिक वृद्धि दरलाई कसरी अगाडि बढाउन सकिन्छ । आर्थिक प्रक्षेपण जुन ढङ्गले आइराखेको छ । त्यसलाई पोजेटिभ ढङ्गले अगाडि बढाउनका लागि सरकारले कदमहरू उठाओस् । जनताहरूसँग आह्वान गरोस् र आर्थिक अवस्थाको बारेमा हामीले यो कदम चालेका छौं भनेर आशा र अनुरोध गर्दाखेरि जनताहरूले मान्ने छन् र जनताहरूबाट सहयोग हुने छ र विभिन्न ठाउँबाट यो आर्थिक समस्यालाई हल गर्नका लागि सरकारले कदम चालोस् भन्ने कुराहरू म राख्न चाहन्छु ।

आर्थिक जोखिमलाई कम गर्दै मितव्ययी बन्दै आवश्यक ठाउँमा आर्थिक व्यवस्थापन गर्दै सरकार अगाडि जानुपर्छ भन्ने कुराहरू म राख्न चाहन्छु । कृषि उत्पादनलाई हामीले विगतमा पनि उठाउँदै आएका छौं । कसरी योजना बनाउने हो सरकारले बनाउन जरुरी यतिखेर हामी धेरै धेरैपटक हामीले यहाँबाट भनिसक्यौं । हामी आत्मनिर्भर हुन कृषिमा आत्मनिर्भर हुनका लागि हामी अगाडि बढ्नुपर्छ । बाँझो नराख्ने कुरा ठिक छ । पहाडमा कसरी व्यवस्थापन गर्ने हो सबैभन्दा समस्या अहिले वृद्धि दर पनि ऋणात्मक छ । त्यहाँको जनसङ्ख्याको वृद्धि दर पनि ऋणात्मक छ । जग्गा जमिनहरू बाँझो छ । हिज पुर्खाहरूले हजुरबाहरूले चारैओटा डाँडा वारि पनि, पारि पनि, पारिको पारि पनि आफ्नो बनाएर राखेका जग्गाहरू अहिले सबै छोडेर मान्छेहरू हिँडेका छन् । बसेका छन् भने पनि खेतीयोग्य छैनन् । खेती गरिराखेका छैनन् । हिजो वस्तुभाउहरू पाल्ने मलको लागि वस्तुभाउ पाल्ने र उत्पादन भएपछि त्यहाँबाट बेच्ने भनेको घ्युबाहेक अरू केही थिएन । आज हामीले त्यसलाई व्यवस्थापन गर्न सक्छौं? त्यहीबाट हामीले

दुध बेच्न सक्छौं । घ्यु बेच्न सक्छौं । अरू उत्पादनका साधनहरू बेच्न सक्छौं तर त्यो जग्गालाई सदुपयोग गर्ने नीति सरकारले बनाओस्, ल्याओस् म यो भन्ने चाहन्छु ।

यस्तै गरेर निर्यात एकदमै नगन्य स्थरमा पुगेको छ । हामीसँग जल, जङ्गल, जडिबुटी पर्याप्त छ । हाम्रो जमिन उर्बरा छ तर हामीसँग निर्यात गर्ने वस्तु छैन । अहिले हामी चीनबाट रेल आउँछ भन्ने कुरा गरिराखेका छौं । इन्डियाको रेल नेपालमा हामीले बर्दिवासदेखि हामीले मधेसमा दौडाउने कुरा गरिराखेका छौं । योजना बनाइराखेका छौं । हामीले निर्यात गर्ने वस्तु के हुन सक्छ? त्यसमा हामीले फर्सी नै हालेर किन नलैजाऊँ । हामीले जडिबुटी नै हालेर किन नलैजाऊँ । साइलेस भन्ने घाँसको उत्पादन नै हालेर किन नलैजाऊँ । हामीले निर्यात गर्ने कुरामा ध्यान दिनुपर्यो । कसरी हामीले देशलाई निर्यातमुखी बनाउन सक्छौं । आत्मनिर्भर बनाउन सक्छौं । सरकारले योजना बनाउन जरुरी छ भन्ने कुराहरू म राख्न चाहन्छु र आयातलाई प्रतिस्थापन गर्नका लागि अन्नबालीमा जोड दिनपर्यो । हामी यति राम्रो भूमि हुँदाहुँदै उत्पादनमा ध्यान नदिँदाखेरि हामीले खाने अन्न बाहिरबाट आउनुपर्ने गहुँ बाहिरबाट आउनुपर्ने । मकै बाहिरबाट आउनुपर्ने । कोदो बाहिरबाट आउनुपर्ने । चामल बाहिरबाट आउनुपर्ने यस्तो स्थिति छ । जुम्ला त्यति हाइटमा छ र त आत्मनिर्भर छौं भनिराख्नुभ'को छ । हामी सबै ठाउँमा आत्मनिर्भरताको अभियान चलाउनुपर्यो सरकारले आह्वान गरोस् । योजना बनाओस् र हामीले देशलाई कसरी आत्मनिर्भर हुन सक्छौं । त्यो ढङ्गले अगाडि बढौं भन्ने कुराहरू म राख्न चाहन्छु ।

श्रम क्षेत्रमा हामीले, अहिले हामीसँग जनशक्ति छ । अहिले हामीसँग श्रम गर्न सक्ने । क्षमता भएको जनशक्ति छ । हामीले भोलि केही समयपछाडि त्यही जनशक्ति हामीले खोजेर पनि पाउने छैनौं । त्यसो भ'को हुनाले यहाँ भएको जनशक्तिलाई व्यवस्थापन गर्न वैदेशिक रोजगारीबाट फर्केर आएका जनशक्तिलाई व्यवस्थापन गर्न र नयाँ जनशक्तिलाई बाहिर जानबाट रोक्नका लागि सरकारले के योजना बनाउन सक्छ । त्यो योजनाहरू बनाओस् भन्ने कुराहरू म राख्न चाहन्छु र युवाहरूलाई आकर्षण गर्ने तालिमका कुराहरू विभिन्न ठाउँबाट सञ्चालन गर्नुपर्यो । आत्मनिर्भर बनाउन सक्ने योजनाहरू ल्याउनुपर्यो र सामूहिक ढङ्गले उत्पादनको कुरालाई पनि सरकारले जोड दिनुपर्यो । अहिले हामीसँग तीन तहको सरकार छ । प्रदेश छ, स्थानीय तह छ, र हामी आफै संघीय सरकार छौं । त्यसो गर्दाखेरि हामीले के गर्दाखेरि हरेक ठाउँमा हामीले उत्पादन गर्न सक्छौं । यो कुरामा पनि हामीले जोड दिनपर्यो र मैले यो निर्यातको कुरा गरिराख्दाखेरि हामी यहाँको कृषिले निर्यात गर्न सक्छौं कि सक्दैनौं? हामी आत्मनिर्भर बन्न जरुरी छ र निर्यातमा हामीले के के निर्यात गर्न सक्छौं । त्यो कुरामा ध्यान

दिनुपर्यो । हामीले हामीसँग भएका सम्पदाहरूलाई प्राकृतिक सम्पदाहरूलाई रचनात्मक ढङ्गले प्रयोग गर्नुपर्यो । हामीसँग थुप्रै सम्पदाहरू छन् । अनावश्यक ठाउँमा हामीले खोला खोस्रेका छौं । अनावश्यक ठाउँमा जङ्गल खोस्रेका छौं तर आवश्यक ठाउँमा रचनात्मक ढङ्गले प्राकृतिक हामीसँग भएको प्राकृतिकको सदुपयोग गर्न सकेका छैनौं । हामीसँग जल छ । त्यसको सदुपयोग कसरी गर्न सक्छौं । हामीले ड्रिङ्किङ वाटर संसारभरि पुऱ्याउन सक्ने हामीसँग क्षमता छ । त्यसको योजना कसरी बनाउन सक्छौं र जल विद्युत्मा केन्द्रित गरेर पेट्रोललाई कसरी विस्थापित गर्न सक्छौं । यो कुरामा पनि सरकारले ध्यान देओस् भन्ने कुराहरू म राख्न चाहन्छु ।

यस्तै गरेर कृषि औजारहरूको कुरा हामीले गर्छौं तर हामीले किसानलाई सहुलियत दिने नाममा वास्तविक किसानले चाहिँ सुविधाहरू पाइराखेका छैनन् । वास्तविक किसानकहाँ पुग्ने हो भने कृषि औजार हामीले वितरण गर्न सक्नुपर्छ । कृषि औजारमा सुविधा दिनुपर्छ । मल बिउमा सुविधा दिनुपर्छ । त्यो ढङ्गले योजना बनाओस् । हाम्रो आर्थिक लगानी खेर नजाने गरी त्यहाँ प्रयोग गर्न सक्छौं । त्यो कुराको हेक्का राख्नुपर्छ । खल्तीमा योजना बोकेर हिँड्ने । कुखुरा फर्म पनि छैन । बाख्रा फर्म पनि छैन । गाई फर्म पनि छैन । उसैले चाहिँ पैसा बोकेर हिँडिराखेको छ । सरकारलाई चाहिँ झुलाइराखेको छ । वास्तविक किसानहरूले आफूले गरिराखेको कृषि उत्पादन बेच्न पाएको छैन र आफ्नो उत्पादनमा दुई पैसा सहुलियत पाएको छैन । यो अवस्थाबाट अन्त्य गर्न पर्छ र वास्तविक किसानले सहुलियत पाउने योजना सरकारले बनाओस् भन्ने कुराहरू म राख्न चाहन्छु । जडिबुटीमा अलिक बढी जोड दिनुपर्यो नभएका ठाउँमा लगानी लाउनुपर्यो लगाउने योजना बनाउनुपर्यो र त्यसमा प्रशोधन गरेर मात्रै बाहिर निकासी गर्नुपर्यो । त्यसो गर्दाखेरि हामीले दुई पैसा बढी पाउछौं । त्यसो भ'को हुनाले जडिबुटीमा हामीले लगाउनुपर्यो ।

अर्को हामीसँग उत्पादनको क्षेत्र भनेको पर्यटन हो पर्यटन हामीले के गर्न सक्छौं? हामीले पर्यटनको क्षेत्रमा हामी कति आत्मीय बन्न सक्छौं कति मिठो बोल्न सक्छौं । कति राम्रो व्यवहार गर्न सक्छौं । र वहाँहरूलाई धेरैभन्दा धेरै हाम्रो नेपालमा बसाल्न सक्छौं । यो योजना बनाउन जरुरी छ । थुप्रै हामीसँग त्यस्ता क्षेत्रहरू छन् । पर्यटकीय क्षेत्रहरू हामीले प्रचारप्रसार गर्न सकेका छैनौं । योजना बनाउन सकेका छैनौं । बनाउनेहरूले टाकुरामा लगेर सिमेन्टका पिल्लरहरू खडा गर्नुभएको छ । यति मात्रै सुन्दरता होइन हाम्रै डाँडाहरूलाई कसरी सुन्दर बनाउन सक्छौं । त्यो डाँडाहरूमा हुने उत्पादन कसरी बढाउन सक्छौं र त्यहाँबाट फर्किंदाखेरि

उपहार हामीले के दिन सक्छौं नेपालको कुरा के फर्काउन सक्छौं । यो कुराको योजना बनाउन जरुरी छ ।

त्यस्तै गरेर शिक्षाको एउटा भयावह स्थिति छ । शिक्षालाई हामीले सुधार गर्ने भनिराखेका छौं । थुप्रै योजनाहरू बनाएका छौं तर विश्वविद्यालय धरासायी भएका छन् । राजनीतिक भागबन्डामा चलेको छ भनिन्छ । कसरी त्यसलाई अन्त्य गर्न सकिन्छ? राजनीतिक क्षेत्रबाट आएका मान्छेहरूको त दूर दृष्टि हुनपर्ने हो । योजना हुनुपर्ने हो र विकास हुनुपर्ने हो । त्यस्तो नभएर किन शिक्षा क्षेत्र खस्किराखेको छ । यसको गहन अध्ययन गर्दै शिक्षामा हामीले नयाँ र व्यवस्थित शिक्षा अगाडि कसरी बढाउन सक्छौं । यो कुरालाई हेर्न जरुरी छ र यो शिक्षाको कुरा गर्दाखेरि प्लस टुमा पढाउने थुप्रै शिक्षकहरू दरबन्दीमा हुनुहुन्न । वहाँहरू थुप्रै आन्दोलनहरू गर्नुहुन्छ । कहीं सुनुवाइ हुँदैन । विगत १०/१५ वर्षदेखि केही शिक्षकहरूको दरबन्दी खुलेको छ । त्योबाहेक दरबन्दी खुलेको छैन । शिक्षा गुणस्तरीय भएन भनेका छौं । वहाँहरूलाई स्कुल जाऊँ जाऊँ, पढाऊँ पढाऊँ लाग्ने किन बनाउन हामी सक्दैनौं र स्कुलहरूलाई सुन्दर र बसुँ बसुँ लाग्ने पढुँ पढुँ लाग्ने किन बनाउन सक्दैनौं । यो योजनाहरू बनाउनुपर्यो र जहाँ विद्यार्थीहरू छैनन् । त्यहाँ मर्ज गर्नुपर्यो । साना स्कुलहरू धेरै मर्ज गर्नुपर्छ । बरु हामीले अब गाडी हाल्न सक्छौं धेरै ठाउँमा यातायातको अहिले व्यवस्था गर्न सक्छौं बाटो पुगिसकेको छ । त्यसो भ'को हुनाले हामीले के गरेर यो देशलाई बचाउन सक्छौं । के गरेर बनाउन सक्छौं र यो देश अझ सुन्दर कसरी हुन सक्छ र हामी नेपाली र हाम्रो नेपाल कसरी रहन सक्छ । यो कुरामा सरकारले जोड दियोस् भन्ने कुराहरू म राख्न चाहन्छु । त्यस्ता कार्यक्रमहरू त्यस्ता नीतिहरू त्यस्ता कानुनहरूको लागि हामी आआफ्नो ठाउँमा खट्ने छौं लाग्ने छौं भन्ने कुराहरू म राख्न चाहन्छु । यसरी एउटा मुहार फेर्ने योजना यो सरकारले ल्याओस् र यसरी सबै हामी सुखी र समृद्ध बन्ने कार्यक्रम अगाडि बढ्न जरुरी छ । यति भन्दै मैले आफ्नो भनाइलाई यहीं अन्त्य गर्न चाहन्छु । हस् धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य देवेन्द्र दाहाल ।

**(१६:२४ बजे) <u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी संसदको बर्खे अधिवेशनको सुरुआती चरणमा छौं । आम निर्वाचनपछिको यो दोस्रो अधिवेशन र हाम्रो सङ्ख्यात्मक हिसाबले हेर्ने हो भने चौधौं अधिवेशन राष्ट्रिय सभाको आज यहाँ सुरु हुन लागिरहेको छ र यस अवसरमा म सर्वप्रथम त सम्पूर्ण

सम्माननीय अध्यक्ष महोदयमार्फत सम्पूर्ण माननीयज्यूहरू यसबिचमा नियुक्त हुनुभएका मन्त्रीज्यूहरू र हुन बाँकी रहेका मन्त्रीज्यूहरूलाई पनि आजै दिनुपर्छ होला मन्त्रीज्यू सबैलाई म हार्दिक बधाई शुभकामना व्यक्त गर्न चाहन्छु र आज यो अधिवेशन सुरु भैरहँदाखेरि मलाई लाग्छ । यस अगाडिको तेह्रौं अधिवेशनका खेर गएका दिनहरू सम्झिराखेको छु । हामीले त्यो तेह्रौं अधिवेशनबाट के गर्यौं? विधेयक अधिवेशनको रूपमा भनिएको अधिवेशन त्यतिकै समाप्त भयो । केही यसो दराजतिर थन्किएका केही एकाध विधेयकहरू यस सदनमा प्रस्तुत भए र सरकारले केही पनि बिजनेस दिन सकेन ।

सरकार बनाउने, मन्त्रीहरू कसलाई बनाउने हो । के गर्ने हो । पहिलो नम्बरमा त सरकारमा सरकारको एलाइन्स नै चेन्ज गर्नेतिर लागियो र अहिलेसम्म नेपाली जनताले जवाफ पाएका छैनन् । दुई महिनाकै बिचमा नेकपा एमालेलाई सरकारबाट हट्नुपर्ने बाध्यात्मक स्थिति कसरी सिर्जना भो'? दुई महिनाको एउटा सरकार एउटा एलाइन्सको सरकार । त्यसपछाडि फेरि पुरानै एलाइन्स त्यो कसरी त्यो निर्माण हुन गयो । त्यसको जवाफ अहिलेसम्म नेपाली जनताले पाएका छैनन् । पाउनुपर्ने हो । किनभने नेपाली जनतासँग सरोकार राख्ने विषय हो । किनभने सम्माननीय अध्यक्ष महोदय, यो देशमा गठबन्धनले एउटा विकृति ल्यायो के विकृति ल्यायो भने हामीले बहुदल ल्यायौं । बहुदलीय व्यवस्थाको स्थापना गयौं । दलहरूले आफ्ना कुरा जनताको बिचमा राख्न पाउने राख्ने कन्भिन्स गर्ने जनतालाई र बहुमत सिद्ध गरेर सरकार निर्माण गर्ने र सबै दलहरू एक भएर नेकपा एमालेका विरुद्धमा गठबन्धन बनाइयो । न नेकपा एमाले ।

मलाई त लाग्छ । कम्युनिष्टहरूलाई सरकार बनाउन र चलाउन नदिने भित्र तथा बाह्य चल खेल स्वरूप सरकारबाट एमालेलाई बाहिरिन बाध्य पारियो र पुनः दक्षिणपन्थीहरूको गठबन्धन बनाइयो । यस्तो विश्लेषणले र यहाँ धेरै कुराहरू छन् सम्माननीय अध्यक्ष महोदय । आज चर्चा चलिरहेको छ । नेपाल श्रीलङ्का बन्ने हो कि भनेर त्यो चर्चा मात्रै चलेको छैन । त्यसका सिम्टम्सहरू पनि देखा पर्न थालेका छन् । यो सरकार बनेको छ । यो सरकार के गरिराखेको छ । थाहा छैन । सरकारका प्रधानमन्त्री नै विपक्षीयहरूमाथि खनिएर वक्तव्य दिइराख्नुभएको छ । यहाँ केही नाटक मञ्चनहरू भैराखेका छ । यहाँ प्रसङ्ग उठ्यो । भुटानी शरणार्थीहरूको नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका लैजाने नाममा केही नेताहरू । नेकपा एमालेका नेताहरूको नाम उठेको छ र पक्राउ पूर्जी जारी भयो अरे भनेर हल्ला पनि छ । फेरि वहाँ चाहिँ हराउनुभयो रे भन्ने हल्ला पनि छ तर मैले सुनेको छैन मैले त यसो हेरेँ एउटा अडिओ प्रकरण पनि आयो रे यो हल्लै हल्लाको देश हो । त्यसमा आरजु देउवाले अढाई करोड र बालकृष्ण खाँणकी श्रीमतीले मञ्जु खाँणले ६ करोड बुझेको यो प्रकरणमा भन्ने एउटा अडिओ

प्रकरण, अडिओ रेकर्ड बाहिर आयो भन्ने पनि सुनियो । उनीहरूलाई यो सरकारले खै पक्राउ पूर्जी जारी गरेको त सुनेको छैन मैले । हल्लाकै भरमा पक्राउ पूर्जी जारी गर्ने भन्ने हल्ला चलाउने अनि एकातिर त्यो गर्ने ।

अर्कोतिर प्रधानमन्त्रीले के वक्तव्य दिने यो त टेलर मात्रै हो । वास्तविक फिलिम त आउन बाँकी छ । के भनेको? प्रधानमन्त्रीले के बोलेको? कुन फिलिम देखाउनुहुन्छ वहाँले । त्यसकारणले गर्दा यो फिलिमहरू हेर्दै जाने समय आएको छ । त्यसकारणले गर्दा सरकारमा बसेर सरकारको नेतृत्व गरेर के समस्या आयो । कसैले बदमासी गर्यो भने त्यसको कारबाही गर्ने यो दिशातिर लाग्नुपर्ने । त्यसको कारबाहीको प्रोसेसमा अगाडि बढाउनुपर्ने म एउटा कुरो सम्माननीय अध्यक्षज्यूमार्फत राख्न चाहन्छु । कुनै पनि प्रकरणमा यदि गल्ती कसैको भएको छ भने नेकपा एमालेले त्यसलाई ढाक छोप गर्ने पक्षमा छैन । कारबाही हुनुपर्छ । यसै सदनमा हाम्रै दलको माननीयले यो विषय उठाउनुभ'को थियो । यो के हो । केही महिनाअगाडि यो भुटानी शरणार्थीहरूको नाममा विदेशमा अमेरिका लैजाने भनेर यहाँ चलखेल हुँदै छ रे के हो? भनेर नेकपा एमाले हो सबैभन्दा पहिलो उठाउने सवाल उठाउने त्यस बेला उहाँहरू कहाँ जानुभयो? किन त्यसबारेमा ध्यान दिनुभएन । राष्ट्रिय सभामा उठेको सवाललाई उहाँले किन ध्यान दिनुभएन? आज यसलाई एउटा इस्यू बनाएर हिँडिरहेको अवस्था छ । त्यसकारण म भन्न चाहन्छु । यस्ता बकबास बन्द गरोस् यो सरकारले र यो सरकारले एउटा कार्यदल बनाएको रहेछ केही समय अगाडि बालकृष्ण पन्थीको पूर्वसहसचिवको नेतृत्वमा यो सवालको बारेमा खोजबिन गर्नका लागि छनबिन गर्नका लागि त्यसले प्रतिवेदन तयार पारेर मन्त्रिपरिषद्सम्म पुगेको छ भन्ने सुनियो र म के भन्न चाहन्छु भने मन्त्रिपरिषद्ले अविलम्ब यसको चाहिँ सार्वजनिक गर्नुपर्यो के छ । त्यो प्रतिवेदनमा यो चाहे त्यो टोपबहादुर रायमाझी पर्नुहोस् चाहे त्यो केपी ओली नै पर्नुहोस् । चाहे त्यो देवेन्द्र दाहाल नै परोस् । त्यसको सार्वजनिक गर्नुपर्यो । त्यो नगर्ने यसपछाडि बाहिर बाहिर हल्ला चलाउने कामहरू भैरहेको छ । यो कुराहरू अविलम्ब बन्द गर्नुपर्यो ।

दोस्रो नम्बरमा सम्माननीय अध्यक्ष महोदय, अलिकति मैले यो शान्ति सुरक्षाको अवस्थाको बारेमा छोटो भन्नुपर्ने छ । त्यो के हो भने नेकपा एमालेको अध्यक्ष पूर्वप्रधानमन्त्री केपी शर्मा ओली केही दिन अगाडि केही हप्ता अगाडि झापा, इलाम, पाँचथरलगायतका केही ठाउँहरूको भ्रमण भेटघाटको लागि जानुभएको थियो र झापा जिल्लाको बुद्धशान्ति भन्ने गाउँपालिकाअन्तर्गतको एउटा स्कुलको कार्यक्रममा केही मान्छेहरू आएर ढुङ्गामुढा गरियो । त्यो ढुङ्गामुढालाई रोक्नका लागि लाग्दाखेरि प्रहरीहरूलाई नै ढुङ्गामुढा गरियो र प्रहरीहरू घाइते

भएका छन् । त्यसको के कारबाही गरियो? कसलाई पक्राउ गरियो? के कारबाही गरियो? म त सुन्दै छु । त्यो पहिचानवादी भनेर गरिएको त्यो खालको गतिविधिमा सत्तापक्षकै कार्यकर्ताहरूको संलग्नता रहेको छ भन्ने पनि सुनिराखेको छु र माननीय गृहमन्त्रीज्यू पनि यही हुनुहुन्छ म भन्न चाहन्छु म प्रश्न गर्न चाहन्छु । कतिलाई कारबाही गरियो? कतिलाई पक्राउ गरियो? एउटा पूर्वप्रधानमन्त्रीजस्तो व्यक्ति सुरक्षित हुँदैन भने यो देशमा को सुरक्षित हुन्छ । त्यसकारण यस्ता सवाल यो सरकारले जिम्मेवार हुने कि नहुने, यो सरकार जिम्मेवार भएको छैन । हुनेवाला पनि छैन किनभने प्रतिपक्षमाथि खनिने यहाँ त उल्टो भैराखेको छ । प्रतिपक्षले पो सत्तापक्षका विरुद्धमा कुराहरू उठाउँथे । हामी भनिरहेका थियौं अनर्गल कुरा नगरौं । प्रतिपक्षले सत्तापक्षसँग पनि आलोचना गर्दाखेरि पनि सिर्जनात्मक आलोचना गरौं यो भनिराखेका थियौं हामी तर यहाँ त उल्टो भैरा' छ । सत्तापक्षको त्यसमाथि पनि प्रधानमन्त्री प्रतिपक्षका विरुद्धमा बोलिराखुभा' छ । त्यसकारण यो सरकारको के दृष्टिकोण हो । के धारणा हो । हामी बुझ्न चाहन्छौं । प्रतिपक्षको दृष्टिकोणप्रतिको दृष्टिकोण के हो । त्यो हामी बुझ्न खोजिरहेका छौं ।

सम्माननीय अध्यक्ष महोदय, यो राजनीतिक सङ्कट र आर्थिक सङ्कटको कुरा राजनीतिक सङ्कटलाई त यो देशमा दलहरू मिलेर समाधान गर्दै नै आएका छन् । कहिले आन्दोलनको मार्फतबाट सङ्घर्षको मार्फतबाट अनेकमार्फतबाट समस्या समाधान गर्दै आएका छन् । चाहे त्यो २००७ सालदेखि होस् चाहे त्यो २०१७ सालको कुरा होस् । ०१७ सालको फौजी काण्डका विरुद्धमा दलहरू लागेका छन् । ०३६ सालको आन्दोलन गरेका छन् । ०४६ सालको जनआन्दोलन गर्या छन् । ०५८/०५९ मा राजाले सम्पूर्ण सत्ता हातमा लिँदा त्यसको विरुद्धमा आन्दोलन गरेका छन् ०६२/०६३ सालको जनआन्दोलनमा पनि दलहरूले मिलेर पनि गरेका छन् तर सम्माननीय अध्यक्ष महोदय जब देशमा आर्थिक सङ्कट आउँछ, आर्थिक सङ्कटलाई चाहिँ समाधान गर्ने सन्दर्भमा यदि सङ्कट पुग्ने बेलासम्म समाधान गर्न सकेनन् भने त्यो चाहिँ भयावह स्थिति भएर जान्छ । म अहिले यति बेला यहाँ प्रतिपक्षको सांसद प्रतिपक्ष दलको नेताको हैसियतले मात्रै होइन । त्यो गम्भीर अवस्था सिर्जना हुन लागेको छ र त्यो गम्भीर अवस्था सिर्जना हुँदा के हुन्छ?

सबै मान्छेका व्यवहारहरू टाँट पल्टिएको र व्यवहार चौपट भएर कतिपयले आत्महत्या गरेर जीवन उत्सर्ग गरिसकेको हुने छ । कतिले गरी पनि सकेको छन् । उद्योगधन्दाहरू जीर्ण भैसकेका हुने छन् । युवा जनशक्तिहरू पलायन भैसकेका हुने छन् । उत्पादनमा ह्रास आइसकेको हुने छ । देशमा उत्पादन घट्दै जाँदा देश परनिर्भर बन्ने निर्यात बढ्ने र निर्यात

बढ्दै जाने र आयात मात्रै हुने कारणले विदेशी मुद्राको सञ्चिति पनि घट्दै जाने बिस्तारै विदेश मुद्राको अभावको कारणले वैदेशिक व्यापार पनि ठप्प हुने विदेशी सहयोगको नाममा विदेशी शक्तिले यो देशलाई खेल मैदान बनाइसकेका हुने छन् । के यो हामीले परिकल्पना गरेको विषय हो । कल्पना गरिएको छ? यस बारेमा आर्थिक सङ्कट जब देशमा आउँछ । त्यति बेला त्यो कुनै सत्तापक्ष कुनै सरकारमा बसेको प्रतिपक्ष कसैलाई हेर्ने छैन सबैलाई प्रभावित पार्ने छ ।

त्यसैले गर्दा यसबारेमा गम्भीर हुन जरुरी छ र गम्भीर भएको छैन यो सरकार यो सरकार विपक्षमाथि खनिने विपक्षका विरुद्धमा लाग्ने । हामी प्रमुख प्रतिपक्ष भयौं त सकियो त अब सत्तामा बसेर सत्तामा बसेर तपाईंहरू काम गर्नुस् न । प्रतिपक्षका विरुद्धमा खनिने ? यही हो सरकारले गर्ने काम? त्यसले गर्दा यो आर्थिक क्राइसिसको इकोनोमिक क्राइसिसको जुन कुरा छ । यो भयावह भएर आउनेवाला छ । यदि यसरी नै जाने हो भने हामी मन्त्रालयमा जान्छौं । अलि अलि बजेट दिनुस् न भन्दाखेरि नयाँ बजेट त सम्भावना नै छैन भन्या छ । नयाँ बजेटमा योजना त सम्भावना नै छैन भन्ने र कता कता वृद्धा भत्तासमेत काटिनुपर्छ भन्ने कुरा पनि आइराखेको छ ।

यसकारण यो आर्थिक क्राइसिसको कुरा हुनत यहाँ अब बहस वैकल्पिक शक्तिको पनि हुन सुरु गर्या छ । अब वैकल्पिक शक्ति चाहियो । जुन यो गठबन्धन छ । यो गठबन्धनको व्यवहारको कारणले गर्दा यो वैकल्पिक शक्तिको चर्चा सुरु हुन लागेको छ तर यो वैकल्पिक शक्तिको कुरा गर्नेहरूलाई पनि म स्मरण गराउन चाहन्छु । नेपाली जनताले वैकल्पिक शक्ति खोजेका हुन् । २०६४ सालको निर्वाचनतिर यसो फर्केर हेरौं न त्यति बेला नेकपा माओवादीले २४० मा १२० सिट एक्लै जितेको थियो । जब कि यो देशको प्रजातन्त्रको मसिहा हौं भन्ने नेपाली काँग्रेसको जम्माजम्मी ३७ सिट प्राप्त भयो र नेकपा एमालेले ३३ सिट मात्रै प्राप्त गर्यो । वैकल्पिक शक्तिलाई मतदान गरे जनताले तर के भयो परिणाम के भयो । नेपाली जनताले होसियार हुनुपर्ने कुरा के छ भने धोका पाए । नेपाली जनताहरूले धोका पाइसकेपछि नेपाली जनताले पनि फेरि हेर्ने रहेछ । ०७० सालको निर्वाचनको परिणाम के भयो । ०७० सालको निर्वाचनको परिणाम १२० सिट ल्याउनेलाई २६ सिटमा झारे । यो हामीलाई थाहा छ । त्यसकारणले गर्दाखेरि जनतालाई धोका धोका गरे हुन्छ तर त्यो वैकल्पिक शक्तिको खोजी भैरहेको छ ।

**(१६:४१ बजे)** <u>**पीठासीन**</u>ः माननीय उपाध्यक्ष श्री उर्मिला अर्याल ।

**माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- तर त्यो जुन वैकल्पिक शक्ति जुन परिकल्पना गरिरहेको छ । त्यसले नेपाली जनताका समस्याहरू समाधान गर्नेवाला छैन र सम्माननीय अध्यक्ष महोदय, हुनत बिग्रँदो अर्थतन्त्रको बारेमा यही सदनमा छलफल भयो तर यो झारा टार्ने मात्रै माध्यम भयो ।

यहाँ मैले माननीयज्यूहरूले भनेको सुनें । हामीले राम्रै काम गरेर काम त राम्रै गयौं तर समग्र देशको अर्थतन्त्रको बारेमा जवाफ एक जना मन्त्रीले आएर यसो दिँदा हुनेवाला छैन । हुँदैन । त्यसको जवाफ अब आउनुपर्यो । अबको नीति तथा कार्यक्रममा आउनुपर्यो, बजेटमा आउनुपर्यो । त्यसकारण यो देशलाई देशको बिग्रँदो अर्थतन्त्रको बारेमा म फेरि पनि भन्न चाहन्छु । यो सरकारले ध्यान दिएको छैन र योसँग मलाई लाग्छ । ल्याकत पनि छैन । यसले समाधान गर्न सक्दैन । किनभने यो टालटुल गर्न मात्रै लाग्या छ ।

अब एउटा पार्टीले हिजो अस्ति फिर्ता लियो समर्थन अब यो सरकार टिकाउन के गर्ने विश्वासको मत फेरि लिनुपर्छ कि पर्दैन भन्ने बहस सुरु भयो । यसकारणले गर्दाखेरि अर्थतन्त्रको सवालमा र देशको समग्र समस्याको सन्दर्भमा समाधान गर्नका लागि प्रतिपक्षसँग बस्ने वातावरण हुनुपर्यो । प्रतिपक्षसँग सल्लाह गर्ने वातावरण हुनुपर्यो । त्यो छैन प्रधानमन्त्रीले तथानाम गर्दै प्रतिपक्षलाई हिँडिराखुभा' छ भने कसरी प्रतिपक्षसँग बस्ने वातावरण होला? त्यस्तो स्थिति छैन । हुनत जनतामा पनि उपभोक्तावादी चिन्तन बढ्दै गको छ । उत्पादनमा नलाग्ने उपभोगमा मात्रै ध्यान दिने बाहिरबाट आएका सामानहरू बेच्ने व्यापारीले पनि त्यसैबाट नाफा कमाउने यहाँ उत्पादनमा ध्यान नदिने । उद्योगधन्दा खोल्नमा ध्यान नदिने सरकार पनि त्यस्तै छ जनता पनि त्यस्तै छन् । अनि अर्को कुरो बाहिरबाट रेमिट्यान्सबाट आ'का पैसाहरू खर्च गर्ने उपभोक्तावादी चिन्तन जनतामा पनि छ भने विकासका कामहरू गर्ने राष्ट्रिय उत्पादन बढाउने उद्योगधन्दाको विकास गर्दै नयाँ रोजगारी सिर्जना गर्ने काममा यो सरकार उदासीन रहेको छ । त्यसैले गर्दा महङ्गी पनि आकाशिएको अवस्था छ ।

र मलाई लाग्छ अन्त्यमा म भन्न चाहन्छु यदि समस्या समाधान गर्ने हो भने जुन सरकार बन्या छ । सरकार नामको एउटा चिज बन्या छ नि त्यसले प्रतिपक्षी दलहरूसँग बसेर राउन्ड टेबुलमा बसेर कसरी समस्या समाधान गरौं भनेर त्यो त एउटा जनताको तर्फबाट एउटा प्रक्रियाबाट संवैधानिक प्रक्रियाबाट बनेको एउटा प्रतिनिधिमूलक चिज न भयो । त्यसले त्यही गर्नुपर्छ तर त्यो गरिराखेको छैन । त्यस्ता कठ्याङ्ग्रिएको जाडामा हामीहरूलाई चाहिँ पलेटी कसेर त्यहाँ बाटामा बस्ने बनाइयो । त्यसले गर्दाखेरि पलेटी कस्न कसले भन्या थियो पलेटी कस्न भनेर? त्यो जाडामा पलेटी कस्ने अवस्थामा पारियो हामीलाई त्यसले गर्दाखेरि म

देखाइदिन्छौं । यो ढङ्गले जाने हो भने देशअघि मैले भनेको स्थितिमा पुग्ने छ र मलाई त लाग्छ । सबै दलहरू मिलेको राष्ट्रिय सरकार निर्माण अहिलेको आवश्यकता हो ।

र अर्को कुरो संविधानमा संशोधन गरेर भए पनि निर्वाचन पद्धतिलाई पनि परिवर्तन गर्नुपर्ने आवश्यकता भा' छ । यो निर्वाचन पद्धतिबाट कसैको पनि बहुमत आउने स्थिति छैन । त्यसकारण सम्माननीय अध्यक्ष महोदय, मलाई लाग्छ । आज यो सदन सुरु भएको छ । र तेह्रौं अधिवेशनजस्तो कुनै उपलब्धि नभएको उपलब्धिविहीन अधिवेशन नहोस् । हुनत नामै यसको बजेट अधिवेशन भन्या छ । यसको त बजेट पास गरिसकेपछि त यसको ड्युटी त पूरा हुन्छ होला । तर पनि हिजो बाँकी रहेका कामहरू यदि यो सरकारको यदि बुद्धि पलायो भने बाँकी रहेका कामहरू सम्पन्न गर्नका लागि पनि लाग्ने छ र हाम्रो शुभेच्छा छ । हामी शुभकामना दिन चाहन्छौं । विपक्षीहरूलाई साथमा लिएर जाने भनेको प्रजातन्त्रको एउटा सुन्दर पक्ष हो । त्यो सम्भावना देखिँदैन । देख्या छैन र त्यसमा पनि यो अधिवेशनको पिरियडमा सद्बुद्धि पलाओस् । यही शुभकामना व्यक्त गर्दै म आफ्नो भनाइलाई अन्त्य गर्न चाहन्छु । हस् त, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य रमेशजंग रायमाझी ।

**(१६:४७ बजे) माननीय श्री रमेशजंग रायमाझी (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी तेह्रौं अधिवेशन सक्केको । छोटो समयमै चौधौं अधिवेशनमा सहभागी हुँदै छौं । यो अधिवेशनमा उपस्थित हुँदै गर्दा सम्माननीय अध्यक्षज्यू, माननीय सदस्यहरू संसदका कर्मचारी साथीहरू यो सदनलाई व्यवस्थित गर्न हामीलाई मर्यादित गराउनलाई मर्यादापालकको रूपमा सुरक्षाकर्मी साथीहरू पत्रकार मित्रहरू सबैलाई पनि शुभकामना दिन चाहन्छु ।

यो अधिवेशनले यो बजेट अधिवेशन भए तापनि सरकारले आवश्यकता ठानेको बेला नयाँ ऐनहरू कानुनहरू बनाउन सक्छ । सरकारले विगतको अधिवेशनमा जसरी हामीले नयाँ कानुनहरू बनाउनुपर्थ्यो, त्यो बनाउन सकेनौं । सरकार निर्माणको प्रक्रियामा सरकार निर्माणको प्रक्रियामा गठबन्धन रह्यो । निर्वाचनमा एउटा पार्टीसँग गठबन्धनमा थियौं । सरकार बनाउने बेलामा अर्कै पार्टीसँग गएर गठबन्धन गर्यौं । त्यो कुरो विपक्षी दलले बिर्सेजस्तो लाग्छ मलाई । त्यतिखेर उहाँहरू सत्तापक्ष हुँदै गर्दा र केही समयपछि सरकार छोड्दै गर्दा फेरि अर्को सरकार निर्माण हुन पुग्यो र मन्त्रीहरू बन्ने क्रम जारी नै छ । विपक्षी दलको नेताले भनेजस्तैः मन्त्रीहरूलाई शुभकामना अझै पनि बाँकी छ । किनभने प्रधानमन्त्रीसँग अझै पनि एउटा

मन्त्रालय बाँकी नै रहेको छ । त्यो कुन पार्टीको प्रतिनिधित्व गर्छ । गठबन्धनमा त्यसकारण पनि अझै शुभकामना हामी पनि दिउँला । मन्त्री भैसकेपछि त्यसकारण पनि यो धेरै कुराहरू मुखमा करेलाको झोल हालेर बोल्दाखेरि रसबरीको स्वाद आउँदैन । त्यसकारण पनि म आग्रह गर्न चाहन्छु । हिजो सत्तापक्षमा रहँदै गर्दाखेरि हिजो सत्तापक्षमा अरू विपक्षीले उठाएका कुराहरूलाई ग्रहण गरेर आज त्यो विपक्षीको बेन्चमा बसेर विपक्षीको भूमिकालाई महत्त्वपूर्णका साथ क्रियटिभ कुरालाई जोड्दै सरकारलाई मद्दत गर्दै देश र जनताप्रति गुण लाउने काम विपक्षीले गर्यो भने अर्को निर्वाचनमा विपक्षीहरूको धेरै भोट आएर सत्तामा पुग्ला । त्यो गेममा लाग्नुपर्यो नि सदनमा सरकारलाई सधैंभरि सरापेर सधैंभरि हात देखाएर । मुलुकको जनता र देशलाई फाइदा हुँदैन । त्यसकारण भन्ने बेलामा सहकार्य गरौं । सहमतिको सरकार बनाऊँ भन्ने तर सहकार्य गरौं भन्दाखेरि संवैधानिक परिषद् गठन गर्ने बेलामा सहमति गरेको सहमति तोड्दै हिंड्ने विपक्षी दलको नेताले अनि केमा सहमति हुन्छ? त्यसकारण यो विपक्षमा भएर जति सजिलो छ । कुरा उठाउन सत्तामा बसेर काम गर्न धेरै जिम्मेवारी र महत्त्वपूर्ण र जिम्मेवारी अभिव्यक्तिका साथ काम गर्नुपर्ने हुन्छ । त्यसैले म अहिले चर्चाको विषय छ । एकपटक त म ती नेताहरूलाई सम्झन्छु । जस्तैः गणेशमान सिंह, कृष्णजी, गिरिजा बाबु, बीपी कोइराला, अनि सुशिल कोइराला, मनमोहन अधिकारी, मदन भण्डारी, साहाना प्रधान, पुष्पलाल यी सहिदहरू जसका कारणले हामी यहाँ उभिएका छौं । ती नेताहरूलाई एकपल्ट नसम्झीकन म सक्दिनँ र जसका कारणले हामी यहाँ उभिएका छौं । ती सहिदहरूलाई पनि एकपल्ट नमन् गर्न चाहन्छु । हार्दिक श्रद्धाञ्जली पनि व्यक्त गर्न चाहन्छु ।

वास्तवमा हामीले चाहेको पनि नेपालको संविधान अप्ठ्यारो स्थितिमा बनेको थियो । त्यतिखेर सुशिल कोइरालाको नेतृत्वमा त्यो संविधान नबनेको भा' आजसम्मन हाम्रो यो व्यवस्था रहन्थ्यो कि रहँदैन्थ्यो, आउथ्यो कि आउँदैन थियो । हामी विचलित अवस्थामा पुग्थ्यौं कि भनेर सबै राजनीतिक दलको समझदारीको दस्तावेजको रूपमा संविधान बनाएको । यो संविधानमा त्रुटिहरू छ । हाम्रो नेतृत्वले पनि स्विकारेको छ र हामीले पनि स्विकार्नुपर्छ । यो संविधानलाई संशोधन गर्ने कुरा हामी पनि सहमत छौं । सरकार पनि तयार छ तर सरकारले ल्याएको कुरामा विपक्षी दल तयार हुन्छ कि हुँदैन? आज रोष्ट्रम उभिएर बोल्दै गर्दा मात्रै, भन्ने गर्दा मात्रै हामी तयार छौं भन्ने हो कि । भोलि सरकारले ल्याएको प्रस्तावमा छलफलको विषयमा त्यतिखेर मुन्टो बटारेर हिंड्ने हो । त्यो कुरो पनि विपक्षले सार्वजनिक रूपमा यो अभिव्यक्ति आओस् भन्ने पनि चाहन्छौं हामी । यो संविधान रह्यो भने हङ पार्लियामेन्ट हुन्छ । गठबन्धन हुन्छ । गठबन्धनविना चाहे सरकार बन्नुभन्दा अगाडि चाहे निर्वाचनभन्दा अगाडि चाहे निर्वाचनपछाडि

गठबन्धन बन्छ गठबन्धन नबनीकन सरकार बन्नै सक्दैन । हामीले जुन संविधान स्विकारेका छौं । त्यो संविधानको आधारमा । त्यसकारण गठबन्धन आफूले गरेको गठबन्धन पवित्र हुने अरूले गरेको गठबन्धन अपवित्र हुने, आफूले खाएको स्वाद मिठो हुने अरूले त्यही भाडाबाट खाएको स्वाद चाहिँ तितो हुने खालको अभिव्यक्तिले समझदारी हुन सक्दैन । सत्ता र प्रतिपक्षको यो तितो यथार्थ यही हो । त्यसकारण म आग्रह गर्न चाहन्छु । साथीहरू अधिवेशनका बेला सदनका बेला हामीहरू कुराहरू उठाऊँ जनताका कुराहरू उठाऊँ जनताले खोजेका कुराहरू उठाऊँ, सरकारले पनि ती कुराहरूलाई कानुनको रूपमा लेर आओस् । म एउटा सरकारसँग मन्त्रीज्यूहरू यहाँ हुनुहुन्छ । लामो समयदेखि पार्टीमा काम गरेका लामो समय मन्त्रीको अनुभव पनि बटुलेको ।

यो शिक्षा विधेयक, २०२८ हामी ०२८ सालतिरै छौं । अहिले पनि त्यतातिर मन्त्रीहरूको ध्यान ग'को छैन । सरकारको ध्यान गएको छ । धेरैओटा सरकार परिवर्तन भए । काँग्रेसदेखि माओवादी एमाले गठबन्धन सबै बन्धनहरू जोडिए तर पनि शिक्षा ऐन, २०२८ अहिले पनि कहाँ छ? त्यहीको भरमा बस्या छौं । मेरो मन्त्रीज्यूहरूलाई आग्रह छ । हामी आफ्नो राजनीतिक पार्टीको घोषणापत्रमा लेख्छौं र भन्छौं । पार्टीको नेताहरूलाई पनि मेरो आग्रह छ । हामीले के भन्छौं भने शिक्षा र स्वास्थ्य हाम्रो सबभन्दा ठुलो कुरा भन्छौं तर पहिले मन्त्रीहरूले आफ्नो टोलको बाटो बनाउन बजेट छुटयाउनुहुन्छ । आफ्नो गाउँको बाटो बनाउन छुटयाउनुहुन्छ । आफ्नो चुनावमा सहयोग गरेको मान्छेहरूको ठाउँको बाटो बनाउनपट्टि लाग्नुहुन्छ । धारा हाल्नपट्टि लाग्नुहुन्छ तर शिक्षा र स्वास्थ्यमा पैसा छुटयाउने बेलामा टाउको बटार्ने काम सुरु हुन्छ । पहिले यो वर्ष एक सय किलोमिटर बाटो नबने केही हुँदैन । हाम्रो आर्थिक अवस्था दयनीय छ भने दुई सय किलोमिटर बाटो नबने केही हुँदैन । हामी ग्राबिलमा हिँड्ने तयार छौं तर शिक्षा र स्वास्थ्यलाई व्यवस्था गरियो भने शिक्षा र स्वास्थ्यप्रति सरकारले बजेट छुटयाएन र बजेट काट्दै गयो भने थप्नुपर्ने बजेट अझै थप्दै गर्नुपर्ने बजेटमा काट्दै गयो भने के हुन्छ भने शिक्षा १० वर्ष २० वर्षपछि हुन्छ । स्वास्थ्य मान्छेको जीवन खतराको अवस्थामा हुन्छ ।

हामीले कोभिडमा भोगेकै हौं । हामीले कैयौं आफ्ना नागरिकहरू आफ्ना नेताहरू अभिभावकहरू गुमायौं । बालबच्चाहरू गुमायौं । त्यसकारण पनि मेरो आग्रह हो मन्त्रीज्यूहरूलाई । निर्वाचन क्षेत्र यो मुलुक रह्यो भने जनता रह्यो भने हामी रह्यौं भने निर्वाचन क्षेत्रमा गएर चुनाव लड्नुहोला पार्टी रहयो भने समानुपातिकमा परिएला पर्नुहोला तर जनतै रहेन, मुलुकै रहेन, शिक्षा नै रहेन, स्वास्थ्य नै रहेन भने के समानुपातिक र के जनताको कुरो के

राजनीतिकको कुरा गर्ने । त्यसकारण मेरो आग्रह हो विनम्र आग्रह हो, विशेष गरेर प्रधानमन्त्रीलाई र गृहमन्त्रीलाई विशेष गरेर धन्यवाद दिन चाहन्छु ।

गृहमन्त्रीज्यूको बाहालीको बेला मैले केही अभिव्यक्तिहरू सञ्चार माध्यमबाट सुन्न पाएँ । म चाकडी खादिनँ, चिया खादिनँ, भ्रष्टाचार खादिनँ भनेर पाँचओटा अभिव्यक्ति त्यसरी आयो । त्यसले त्यो सन्देश आज कहीँ कतै लागु भएको जस्तो मलाई लागिरहेको थियो । त्यो दिनको अभिव्यक्ति सुन्दा यो भनिराख्नुपर्ने थिएन गरेर देखाए हुन्थ्यो जस्तो मलाई लागिरहेको थियो । यति ठुलो नेताले यति भनिराख्नै पर्दैन । गर्दाखेरि त सार्वजनिक रूपमा देखिन्छ भन्ने लागेको थियो । आज गृहमन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु । किन धन्यवाद दिन चाहन्छु भने एउटा ऊ त्यो क्या, गीत थियो क्या "बेहुला बनाउँछु भन्थे बहुला बनाएछन् ।" अनि हामीले फेरि के भनेम् समृद्धि नेपाल सुखी नेपालीको कल्पना गर्यौं तर हामी नेपालीलाई भुटानी शरणार्थी पो बनाएछौं । आज अमेरिकामा चर्चा छ । मेरा परिवारका सदस्यहरू नातागोता, साथीभाइहरूले फोन गरेर भन्छन् । बाटामा कसैले भेटे भने ए तपाईं पनि भुटानबाट आएको नेपाली हो? भुटानको नाममा भुटनिज ..... आएको नेपाली हो तपाईं ।

आफ्नो देशको नागरिकलाई बेचेर कस्तो सरकार हाम्रो? कस्तो देश हाम्रो? हामीले ल्याएको कस्तो गणतन्त्र? मलाई यो मान्छेहरू पटक पटक किन मन्त्री हुन एउटै मान्छे लाग्थ्यो के गरौंला अस्ति त मन्त्री भएर केही गरेनन् । फेरि पटक पटक एउटै मान्छे मन्त्री बन्न खोजिराख्छ । किन खोजिराख्छ भनेको यसैको लागि रहिछ । त्यहाँ गएपछि त माल आउँदो रहेछ । मान्छे बेचेर पैसा आउँदो रैछ यहाँ अनि त्यो मान्छे मन्त्री हुन किन पटक पटक खोज्दैन? ऊ मुलुकको परिवर्तनको लागि खोजिरहेको छैन । देशको परिवर्तनको लागि खोजिरहेको छैन । समाजको परिवर्तनको लागि खोजिरहेको छैन । त्यसकारण यो पटक पटक मन्त्रीको अर्थ पनि यसपालि बुझियो । एउटै मान्छे पटक पटक मन्त्री हुन नेतालाई प्रभावित गराएर नेतालाई घेराबन्दीमा राखेर नेतालाई तर्साएर मन्त्री पनि हुने देखियो यहाँ त्यसकारण पनि आज भुटानीहरूको नाममा हामीहरू सबै कलङ्कित भएका छौं । एउटा होइन नेपाली सारा संसारभरि कलङ्कित भएका छौं । आज हामीलाई भन्दिन पर्यो । अमेरिकनले तिमीहरूको त भुट्निजको नाममा नेपालीहरू आइरहेको छ भन्ने कुरो सरकारलाई त्यो इन्फर्मेसन दिनुपर्ने स्थिति आयो । त्यस्तो खालको अवस्था आयो हामीसँग हामी आज के भनेर हिँड्ने? समाजमा कसरी हिँड्ने? संसदमा कसरी उभिने? संसदले गर्नुपर्ने काम के हो?

अब मलाई त लाग्छ । नेपाली जनतालाई त हामीले शरणार्थीको रूपमा उभ्यायौं उभ्यायौं । अब सांसदहरूको पालो चाहिँ कहिले हो? सांसदहरूको पनि त आउला यो माननीय

सकिएको दिन त फेरि हामी पनि उतै शरणार्थी हुन लाग्ने हो कि? भुटानी नै हौं भनेर यस्तो खालको संस्कार र संस्कृतिबाट रहेको सरकार संसदबाट जनताले के अपेक्षा गर्न सक्छ? त्यसकारण आज जनताको आवाज जनताले आवाज उठाइरहेका छन्, भनिरहेका छन्, हाम्रा नेताहरूप्रति कटाक्ष गरिरहेका छन् । त्यसकारण मेरो आग्रह छ । हामीले आफ्नो तर्फबाट नराम्रो गर्न नगरौं सकिन्छ राम्रो गरौं । नराम्रो नगरौं । यो कुरो आग्रह गर्न चाहन्छु म आज ।

अब एक जना माननीयज्यू मेरै बन्धु टोपबहादुर रायमाझीको चर्चा अहिले देशभरि छ । बन्धुको चर्चा अलिकति रमाइलो लाग्यो । उहाँको अहिले माया गरेको हो कि गरेको होइन प्रतिनिधिसभामा प्रतिपक्ष दलको नेताले सरकारले कुरा गर्न खोज्दाखेरि समय उपलब्ध नहुने सरकारले कुरा गर्दाखेरि आफ्नै पार्टीको नेतासँग महिनौंसम्मन बोलचाल बन्द गर्ने तर आफ्नो पार्टीको सचिव माननीय टोपबहादुर रायमाझीको नाम चर्चा भुटानी शरणार्थीमा आएपछि धेरै चासो बढेको देखाउनुभो' पूर्वप्रधानमन्त्री प्रतिपक्षी दलका प्रतिनिधि सभाका नेताले मलाई त खासै माया गरेको जस्तो लाग्दैन । किनभने ..... ..... .....✂ हिजो माओवादीको नेताबिचमा पार्टी टुक्रिँदाखेरि गएको छोरो । खासै माया गरेको छोरो हो झट्केलो छोरो जस्तो लाग्छ । त्यो झट्केलो छोरोलाई खासै आफ्नो सन्तान हुँदाहुँदै अरूलाई माया गर्दैन । हाम्रो संस्कार र संस्कृति त्यस्तै छ र प्रतिपक्ष दलको नेताले पूर्वप्रधानमन्त्रीले माया गरेको त त्यतिखेरका तत्कालीन गृहमन्त्री रामबहादुर बादलका बेलामा भएका सचिवहरू जो आज संवैधानिक निकाय नियुक्त भएका छन् । खरदार, सुब्बालाई कारबाही गरेर ठुलो छाती बनाए जस्तो गर्दै छन् । तिनको माया गर्नका लागि प्रधानमन्त्रीलाई यहाँ घच्घचाइरहेको हो कि जस्तो पो मलाई लागि रहेको छ । यो एउटा आज मैले गम्भीर प्रश्नको जवाफ खोजिरहेको छु । झट्केलोको माया गरेको जस्तो मलाई लागेकै छैन । पटकै पनि । त्यसकारण म यो सदनबाट गम्भीरताका साथ भनिरहेको छु ।

जो मान्छे आज यो केसमा जोडिएका छन् । मोरङका पथ्रीका केशव दुलाल तिनी यो सन्दर्भ लिएर मसँग पनि कुरा गर्न आएका थिए । म आज भन्नै पर्यो मलाई लाग्छ । आएपछि मैले आज यस्तो काम गर्दैन भाइ, यो काम मलाई मसँग लागि यो काम लिएर नआऊ । गृहमन्त्रीसँग भेट गराइदिन पर्यो भनेर आ' थियो । म यस्तो काम गर्दिनँ भनेपछि उनी आफ्नो सोचमा गए । गएपछि आज घटना हेर्दाखेरि यस्तो स्थिति छ कि मोरङवासी मोरङको नागरिक भएको कारणले आज पथ्री मोरङ जिल्लाकै एउटा भागमा पर्छ । हाइवेमा त्यहाँ शरणार्थीहरू

---

✂ सम्माननीय अध्यक्षज्यूले मिति २०८०/०१/२६ को बैठकबाट हटाउन निर्देशन दिनुभएको । (वक्ताले "वहाँको झट्केलो छोरो हो, टोपबहादुर रायमाझी" भन्नुभएको ।

बसिरहेका छन् अहिले । अहिले पनि शरणार्थीहरू छन् त्यहाँ तिनको नाममा ३ हजारदेखि ७ हजार मान्छे पठाउने प्लान छ भनेर मैले त्यो नाम त्यतिखेर सुनेको थिएँ उनीहरूको मुखबाट ३ हजारदेखि ७ हजार अरब होइन खरबको खेला छ । यस्तो पात्रहरू बोकेर यस्तो पात्रहरूसँग हेलिकप्टर चढेर हिंड्ने यस्ता पात्रहरूसँग सङ्गत गर्ने गृहमन्त्रीहरू हामीले पायौं । के हुन्छ?

उमेरमा तीन थाल भात खाइयो होला । हिजो माओवादीको आन्दोलन गर्दाखेरि बाटामा जता जता ढिडो भेट्यो, जता जता भोक भोकै पनि आन्दोलन गरेर हिंडेको नेता आज यो सदनमा हुनुहुन्छ । मन्त्रीहरू हुनुहुन्छ । दुःखको जीवन बिताएका नेताहरू मन्त्री हुनुहुन्छ । आज केही समयअगाडि २/४ ओटा पीएस्ओहरू २/४ ओटा आर्मीका सेनाहरू अगाडि पिछाडि लाउँदै गर्दाखेरि आफूलाई यो मुलुकको सबैभन्दा ठुलो मसिहाको रूपमा सोच्ने अनि जनतालाई र देशलाई कुनै माया नगरीकन अरबौं सम्पत्ति कमाएर श्रीमतीका घाँटीमा डाइमन्ड र गोल्डका गहनाहरू झुन्ड्याएर महङ्गा साडी लाएर इज्जत र सम्मान बढ्छ भन्ने ठान्ने चरित्रका पात्रहरूका कारणले हामी आज यो संसद बदनाम भएको छ । सरकार बदनाम भएको छ । त्यस्ता मान्छेहरूलाई अहिले पनि सरकारले छुट दियो भने जनताले वैकल्पिक शक्ति खोज्छन् । मेरो आग्रह हो गृहमन्त्रीज्यूसँग र प्रधानमन्त्रीज्यूसँग तपाईंहरूले खुट्टा कमाउने बेला छैन अहिले । म पर्छु मेरो पार्टीको नेता पर्नुहुन्छ । मेरो पार्टीको नेता पर्नुहुन्छ । मेरो पार्टीको सभापति पर्नुहुन्छ । मेरो पार्टीबाट नेतृत्व गरेको गृहमन्त्री पर्नुहुन्छ । तपाईंहरूको पार्टीबाट नेतृत्व गरेको मन्त्री, गृहमन्त्री पर्नुहुन्छ भने पनि त्यसलाई तपाईंले छोड्नुभयो भने तपाईंहरूलाई कहिले यो समाजले छुट गर्ने छैन ।

लाग्दो होला सबभन्दा बलियो र शक्तिशाली मान्छे मै हुँ भन्ने लाग्दो होला त्यसकारणले पनि म आग्रह गर्न चाहन्छु । यो व्यवस्थाको संरक्षण गर्ने कि नगर्ने? जनताले ल्याएको व्यवस्थाको संरक्षण गर्ने कि नगर्ने? आज तपाईंहरूको हातमा छ । तपाईंहरूले यो व्यवस्था बचाउन सक्नुभो' यी फटाहहरूलाई, यी जारीहरूलाई, यी बदमासहरूलाई कारबाही गर्नसक्नुभो' भनेयो व्यवस्था बच्छ । ..... हाम्रो विकल्प समाजले खोज्छ खोज्छ । खोज्छ । अघि भनेजस्तै १२० बाट आज ३२ मा झर्या छौं । हामी काँग्रेस ११४ बाट ६३ मा झरेका थ्यौं। अब नेपाल कम्युनिष्ट पार्टी १७४ बाट दुइटा पार्टी भएर झरेको थियो । दुइटा होइन सातओटा पार्टी भएर पनि पार लाग्दैन अब पार लाग्दैन ।

जनताले विश्वास गर्ने वातावरण हामीले बनाएनौं । मेरो त आशा छ गृहमन्त्रीज्यूसँग एकदमै म आशा गरेको छु । अझै हाम्रो राष्ट्रिय सभाबाट प्रतिनिधित्व गर्नुहुन्छ । हाम्रो यो सभाको पनि इज्जत यो सदनको इज्जत थाम्दिनुहुन्छ भन्ने लागेको छ । पूरा मुलुकले आशा

गरिराखेको छ । आज तपाईंको ठाउँमा कुनै हिजो नयाँ जन्मेको पार्टीको मान्छे गृहमन्त्री भा'को भा' फेसबुकको पेज हेर्न लायक हुँदैन थियो । वा! भगवान क्या गर्नुभयो भनेर तपाईंले तर त्यो प्रचार गर्नुभएको छैन । काम गरेर कोसिस गर्नुहुन्छ । काम गरेर देखाइदिनुस् । हामीलाई प्रचार चाहिएको छैन । हामीले प्रचार खोजेको छैनौं । तर खुट्टा कमाउनुभयो भने तपाईंहरूको इतिहास पनि बाँकी रहँदैन । मेरो आग्रह यही छ । यो सदनलाई मेरो आग्रह यही हो । हामी सत्तामा प्रतिपक्षमा भैरहन्छौं । मैले अगाडि पनि भन्या थिएँ । अहिले सत्तामा पुगिन्छ कहिले प्रतिपक्षमा पुगिन्छ राजनीतिक पार्टी भनेको कहिले को साथीहरू मन्त्रीहुन्छन् । कहिले को साथीहरू मन्त्री हुन्छन् । कहिले को साथीहरू निर्वाचन लड्छन् । कहिले कोले जित्छन् । कहिले को साथी हार्छन् । यो यही हो । गणतन्त्रको सबभन्दा महत्त्वपूर्ण पक्ष त्यसैले पनि आज जे सुकै भए पनि यो सरकारप्रति मान्छेको विश्वास जागेको छ । यो सरकारले गर्छ भन्ने सोच छ मान्छेसँग तर प्रधानमन्त्रीज्यूलाई म यस रोष्ट्रमबाट आग्रह गर्न चाहन्छु । यी उद्घाटन सुद्घाटनका काम अलिक कमै गर्नुपर्यो । यी केही उपलब्धि हुनेवाला काम होइन । एउटा मन्त्री बनाइदिनुस् बरु विनाविभागीय मन्त्री उद्घाटन मन्त्री भनेर उहाँको काम उद्घाटन मात्रै गरिराख्नुहुन्छ । कसलाई बनाउने बनाइदिनुस् उद्घाटन गर्ने । प्रधानमन्त्रीले दिनको १५, १६, १७ घन्टा काम गर्नुभो' भेट्नुपर्ने मान्छेसँग भेट्नुपर्यो । बैठक गर्नुपर्ने मान्छेसँग बैठक गर्नुपर्यो आवश्यक मान्छे भेट्नुपर्यो अनावश्यक मान्छे मेरा पार्टीका मलाई चुनाव जिताएका मलाई सहयोग गरेका भनेर भेट्ने होइन । अहिले प्रधानमन्त्रीको समय होइन ।

यतिखेर गम्भीर भएर यो मुलुकलाई ..... मुलुकको लागि प्रधानमन्त्रीले समय दिनुपर्ने अवस्था छ । त्यसकारण अहिले मन्त्रीहरू बधाई खान फेरि लागेका छन् । पुरानो मन्त्रीहरूको बधाई सकियो होला अहिले ३/४ जना हाम्रो पार्टीबाट प्रतिनिधित्व गर्ने ४ जना मन्त्रीहरू हुनुभा' छ । बिहान एउटा मन्त्रालय एउटा मन्त्री हुन्छ । अर्को दिन अर्को मन्त्रालय भैसक्छ । त्यो कतिओटा मन्त्रालयमा बाहाली हुने हो । र के के गर्ने हो । के के गर्नको लागि मन्त्री भको । अहिले त भन्लान फेरि यहाँबाट बोल्यो भने आफू मन्त्री नभ'को रोस्ट पोखो भन्लान । त्सतो पनि चलन छ । त्यो होइन जो साथीहरू मन्त्री हुनुभा' छ । राम्रो काम गर्नुस् । शुभकामना छ हामीलाई । म वहाँहरूलाई शुभकामना दिन्छु । हामीले राष्ट्रियसभाबाट २/३ जना मान्छेहरू अहिले मन्त्री भेट्या छौं । महत्त्वपूर्ण मान्छेहरू भेट्या छौं । दलको नेतृत्व गर्नेहरू भेट्या छौं । त्यसकारण हामी आशावादी छौं । यो आशा हामीले यहाँ बोलिरहँदा मात्रै नरहोस् । हाम्रो आशामाथि तुसरापात हुने काम नहोस् । म तपाईंहरूबाट ठुलो हामीले भरोसा गर्या छौं ।

एउटा युवामन्त्री भोजपुरबाट प्रतिनिधित्व गर्ने मैले यहाँ पर्यटन मन्त्रीलाई पनि देखिरहेको छु । वहाँ आफै पनि लगनशील भएर लागेको देखेको छु मैले । मलाई यस्ता मन्त्रीहरूको प्रशंसा गर्न कुनै कहीं कतै लाज हुँदैन । बिहानै शानिवार ट्र्याक लाएर पशुपतिमा हरेक दिन सफा गरेर गएको देखेको छु, हरेक शानिवार र म वहाँले सफा गर्दै गरेको प्रत्यक्ष रूपमा हेरेर पनि बसेको छु । तर मान्छे भेटेर मात्रै उपलब्धि हुँदैन । त्यसकारण आफूले आफ्नो जिम्मेवारी कसरी पूरा गर्ने भन्ने कुरो मन्त्रीहरूले फाइलमा हस्ताक्षर गरेर मात्रै हुँदैन । निर्णय मात्रै गरेर हुँदैन । आफ्नो सक्रियता देखाएर जसरी गर्नुभा' छ । म प्रशंसा पनि गर्न चाहन्छु वहाँहरूको । त्यसकारण अब बनेका मन्त्रीहरूले सुनिन्छ ।

मन्त्रीहरू विशेष गरेर हाम्रो पार्टीबाट त आजसम्म जनजाति मान्छे गृहमन्त्री नै भा' छैन । महिला गृहमन्त्री नै भा' छैन । त्यसकारण हाम्रा पार्टीबाट कस्ता मान्छे कहाँ मन्त्री कस्तो पद मन्त्रालय खोजिन्छ भने धनराज गुरुङ कानुनमन्त्री हुन्छन् । डिगबहादुर लिम्बू युवा तथा खेलकुद मन्त्री हुन्छन् । हैन? अब यहाँ मन्त्रालयको पनि भागबन्डा छ नि त गृहमन्त्रालय शक्तिशाली मन्त्रालय भौतिक योजना मन्त्रालय पैसा बाड्ने ठुलो शक्तिशाली मन्त्रालय, सहरी विकास सञ्चार मन्त्रालयहरू शक्तिशाली मन्त्रालय यहाँ ठुलो शक्ति भनेको के? पैसा? कान्छी नानी? के हो मन्त्री भनेको । हरेक मन्त्रालयको आफ्नो महत्त्व छ । महिला मन्त्रालयको त्यतिकै महत्त्व छ । भूमि सुधार मन्त्रालयको त्यतिकै महत्त्व छ । काम नगर्ने अनि त्यहाँ मन्त्रालय सानो भयो ठुलो भयो भन्ने काम गर्नुपर्यो मन्त्रीहरूले गफ गर्ने होइन । धेरै गफ सुन्यौं हामीले मन्त्रीहरूका मन्त्रालय सानो भयो भनेर हामीले बनाउनुपर्ने कतिओटा कानुन छ । आज धनराजजी नेपाली काँग्रेस पार्टी उपसभापति जस्तो जिम्मेवारी मान्छे कानुन मन्त्री हुनुभा' छ । यो सदनले ल्याओस् न आवश्यक कानुन मैलेअघि उठाए जस्तै २०२८ सालमा बनेको शिक्षा ऐन अहिलेसम्म परिवर्तन भएको छैन । ती कानुनहरूलाई परिवर्तन गरियोस् न मन्त्रालय ठुलो र सानो भन्या छ । त्यसकारण मन्त्रालय ठुलो र सानो हुँदैन । मन्त्रालय सबै ठुला हुन् सबै मन्त्रालयको महत्त्व आफ्नो ठाउँमा छ । त्यसकारण मन्त्रीहरूलाई मेरो आग्रह छ । किनभने आग्रह छ भने तपाईंहरू यो व्यवस्था बचाउने कि नबचाउने? तपाईंहरूले यो व्यवस्थालाई निरन्तरता दिने कि नदिने? म यसमा मज्जाले एड्रेस दिरा' छु ।

म हिजो मात्रै विराटनगरबाट आएको त्यहाँ मैले केही माओवादीको साथीहरू पनि भेटें । काँग्रेसका साथीहरू गठबन्धनमा सँगै थियौं नि त । गठबन्धन छ । गोपीजी र म घाँटी सुकाइ सुकाइ गठबन्धनको भोट मान्या थियौं । उम्मेदवार जिताउनलाई तिनै साथीहरूलाई मैले भेटें । भेट्दाखेरि केही साथी के के बजाउनेपट्टि लाग्ने हो कि भन्नेतिर लाग्या छ । किन भन्दाखेरि

हाम्रा व्यवहारले जता गयो भ्रष्टाचारको कुरा सम्झिन्छ । जता गयो महङ्गीको कुरा सुनिन्छ । जता गयो अत्याचारको कुरा सुनिन्छ । सीडीओले आफ्नैलाई अन्याय भयो भन्छ । पुलिस आफै अन्याय भयो भन्छ । भन्सारको कर्मचारी आफै अन्याय भयो भन्छ । अनि न्याय कसले कसलाई दिने हो? न्याय दिने निकाय को हो? कसले दिनुपर्छ न्याय? त्यसकारण मेरो आज सबैसँग आग्रह हो ।

यो भुटानी शरणार्थीको विषयमा गृहमन्त्रीज्यूसँग मेरो विशेष आग्रह प्रधानमन्त्रीज्यूलाई कुनै नेताको प्रभावमा नपर्दिनुस् । कुनै नेता बचाउनुपर्दैन । तपाईंहरूलाई साथ दिनुपर्यो भने अझै १० महिना यही रोष्ट्रमबाट सथा दिउँला । यसपछाडि बाहिर बसेर पनि साथ दिउँला तिनीलाई कारबाही होस् । यी नेपाली जनताको लागि संसारभरि बदनाम गर्ने यी मन्त्री होइनन् । यी कलङ्क हुन् । यी कलङ्कहरू मासिनुपर्छ । यिनीहरू जेलको कालकोठरीमा हामीले देख्नुपर्छ भन्ने अनुरोध गर्दै बिदा हुन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य जयन्ती देवी राई ।

(१७:११ बजे) **माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, जुन अहिले चौधौं यो अधिवेशनमा म सबभन्दा पहिला त माननीयज्यूहरूलाई हार्दिक स्वागत गर्न चाहन्छु र माननीय मन्त्रीज्यूहरूलाई हार्दिक बधाई तथा पूर्ण कार्यकालको सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु र यति बेला हामीले जुन तेह्रौं अधिवेशन सकेका छौं । मलाई के भन्न मन लाग्छ भने हामीले अहिले जसरी माननीयज्यूहरूले भन्नुभए जस्तो एकदमै केही पनि गर्न सकिएन । ती दुःखको दिनहरू मात्रै थिएन सुखको दिनहरू मात्रै पनि थिएन । हामीले धेरै कामहरू गर्न नसक्ने कामहरू गरेका छौं र गर्न सक्ने कामहरू पनि हामीले गरेका छैनौं । त्यसकारणले हामी यी नराम्रा कामहरू गर्न नसकेको कामहरूलाई अहिले हामीले आत्मसमीक्षा गर्नैपर्छ किन सकेनौं र विगतको त्यो गर्न नसकेको काम र गलतबाट एउटाले सच्ची नै पर्छ र आगामी दिनहरूमा कसरी जाने भन्ने सन्दर्भमा सोच्नै पर्छ र हिजो गरिका राम्रा कामहरू थुप्रै छन् । अहिले व्यख्या गरेर सकिन्न र त्यो कामहरूलाई हामीले आत्मसाथ पनि गर्नुपर्छ र आगामी दिनहरूमा त्यसलाई एउटा शिक्षाको रूपमा पनि लिनुपर्दछ ।

र यति बेला एकदमै धेरै सङ्कटमा हामी छौं । पटक पटक माननीयज्यूहरूले उठाइसक्नुभा' छ र हामीले पनि उठाइसकेका छौं र सबैभन्दा पहिलो काम भनेको अहिले हामीले यो आर्थिक सङ्कटलाई समाधानतर्फ सोच्नुपर्दछ । सबैले सोच्नुपर्दछ । कि आज प्रतिपक्ष दल र

सत्ता पक्षको दल भनेर मात्रै हाम्रो यो दायित्व पूरा हुँदैन भन्नेलाई लाग्छ । कि यो सङ्कटलाई समाधान गर्नको निम्ति र आज जुन क्यान्सर जस्तै भएर गरिबी, भ्रष्टाचार, बेरोजगार जसरी हाम्रो अगाडि आ'को छ । यसलाई अपरेसन गर्नको निम्ति पनि आज हामी सबै राजनीतिक दलहरू एक ठाउँमा उभिएर यो सङ्कटको समाधानतिर जानुपर्दछ भन्ने मलाई लाग्दछ । र अहिले पनि अहिले पनि वास्तवमा स्वास्थ्यजस्तो एउटा संवेदनशील क्षेत्रमा सोर्स फोर्स लाउनुपर्ने । मेरो बिरामी राम्रो ट्रिट्मेन्ट गर्दै है भन्न पर्ने स्थिति अनि सार्वसाधारण जनताले कहिले उपचार पाउने?

अहिले शिक्षा क्षेत्र अत्यन्तै लथालिङ्ग, हेर्नुस् । अब विश्वविद्यालयहरूको हालत त्यस्तो छ । सरकारी कलेजहरू कोटा नपुगेर, विद्यार्थी सङ्ख्या नपुगेर त्यो हालतमा छ भने आज राम्रो विषय पढ्ने विद्यार्थीहरू भने विदेशिनुपर्ने स्थिति छ फेरि । र अर्को समस्या अब बौद्धिक जनशक्ति जहाँ पढेका छन् । त्यो बौद्धिक जनशक्ति आज हामीलाई कति चाहिएको छ यहाँ । विज्ञहरू कति खाचो छ हामीलाई यति बेला त हामी चाहिँ राजनीतिक आन्दोलन समाप्त गरेर हामीले आर्थिक विकास र सामाजिक रूपान्तरण जान पर्ने बेला हो नि, तर हामीसँग खै त्यस्ता जनशक्तिहरू आज ती शक्तिहरू चाहिँ विदेश पलायन भ'को स्थिति छ । त्यसकारणले पनि आज हामीले त्यो बौद्धिक जनशक्तिलाई यो देशमा कसरी काम लगाउने र ४० देखि ४६ लाखसम्मको जनशक्ति युवाहरूको श्रम खेर गैरहेको छ । यसले अरूको देशमा गएर कहिले पनि घाम नडुब्ने ठाउँ बनाइरहेको छ भने आज हामी त्यो जनशक्ति गुमाइरहेको छ । आज यतातिर हाम्रो ध्यान जानुपर्छ कि पर्दैन?

र हामी अहिले बजेट अधिवेशनको सन्दर्भमा छौं र विगतजस्तै धेरै दुःख लाग्छ विगतमा बजेट विनियोजन भा'को देख्दाखेरि जहाँ कि पहुँच हुनेहरूले सिङ्गै आधा बजेट लगेको छ र देशभरिको बजेट र एकजना व्यक्तिको बजेट हेर्ने हो भने बराबरी छ । त्यसले यो मुलुक सन्तुलित विकासतर्फ जान्छ? अहिले सरकारले पनि २०३० सम्म चाहिँ दिगो विकासको एउटा उद्देश्यलाई प्राप्ति गर्ने, लक्ष्य प्राप्ति गर्ने भनेर लागिरहेको अवस्था छ । त्यसकारणले यो दिगो विकास के हो त भन्ने बुझ्नुपर्छ कि पर्दैन हामीले दिगो विकास जब एउटा मान्छे भोकमा हुन्छ । रोगमा हुन्छ । अशिक्षित हुन्छ । बेरोजगार हुन्छ । विभेद हुन्छ । हिंसा हुन्छ । अनि त्यहाँ दिगो विकास हुन्छ । त्यसकारणले यी सबै कुरालाई सन्तुलित गरेर व्यवहारिक बजेट आउनुपर्यो र यो २०३० सम्म साँच्चै हामी त्यो दिगो विकास लक्ष्य हासिल गर्छौं भनेर यो सरकारले त्यतातिर ध्यान केन्द्रित गर्नुपर्दछ भन्ने मलाई लाग्दछ ।

र हामीले बजेट विनियोजन गर्दा व्यवहारिक पनि हुनुपर्यो । कार्यान्वयन गर्न सक्ने पनि हुनुपर्यो । एक दुईओटा मलाई राष्ट्रिय गौरवको योजनाहरू अनुगमन गर्ने मैले अवसर प्राप्त

गरेको थिएँ । त्यस्तो नहोस् । सबै एउटै छैन धेरै राष्ट्रिय गौरवको योजनाहरू सम्पन्न हुने अवस्थामा पनि छ । धेरै काम भएको पनि छ । त्यसले जनताहरूलाई लाभान्वित पनि गरेको अवस्था पनि छ । खुसी पनि भा' छ तर रेलमार्ग जहाँ चाहिँ बिच सडकबाट झापामा, बिच सडकबाट लगिएको छ । तीन वर्षदेखि चाहिँ अब बाँकी रहेछ जनताको जग्गाहरू पूरै चाहिँ अब त्यहाँ हदबन्दी गरिएको छ । उनीहरूले भनिरहेको छ कि एक बिघा लाग्छ । दुई बिघा लाग्छ । चार धुर लाग्छ । दिन तयार छौं हामीहरू तर किन पोल पनि गाडिँदैन । अनि हाम्रो जग्गा चाहिँ सबै हदबन्दी गरेपछि हामीले गरिखाने के त्यति कित्ता काटसम्म पनि गर्न नदिने सरकारले अनि उनीहरूको समस्या त्यहाँ गएर घेरेर बसिसक्नु छैन । त्यहाँ कर्मचारीहरूलाई त्यहाँको कार्यालयहरूलाई । अनि त्यस्ता कुराहरूलाई चाहिँ हामीले ख्याल गर्नुपर्छ कि पर्दैन । कति समस्या छ ।

आज अन्तरमन्त्रालयको समन्वय छैन । स्थानीय तह केन्द्रदेखि तलसम्मको समस्या त्यतिकै रहेको छ । आज अर्थमन्त्रालय र वनमन्त्रालयको स्थिति हेर्ने हो भने त्यस्तै सबै सबै । परराष्ट्र मन्त्रालय र अझ अर्थमन्त्रालय यी सबै मन्त्राललहरूको चाहिँ कहीं पनि समन्वय देखिएको छैन र आज वर्षैपिछे ती राष्ट्रिय गौरव भनेर घोषणा गर्छौं तर खोइ आज त्यो हाम्रो यथास्थिति जस्ताको तस्तै हाम्रा योजनाहरू चाहिँ । त्यसकारणले यस्ता कुराहरूमा पनि अलिक कति हाम्रो ध्यान जाओस् भन्न चाहन्छु म ।

र अर्को कुरा भनेको मैले अब धेरै लामो कुरा गर्दिनँ । जसरी अहिले माननीयज्यूहरूले उठाउनुभो' अत्यन्तै त्यो उठ्नुपर्छ र म यस सन्दर्भमा गृहमन्त्रीज्यूलाई धन्यवाद पनि दिन चाहन्छु । यो आजको समस्या होइन । आज उजागर भयो । जनताले आज थाहा पाए । आज सरकारले आज थाहा पायो तर गर्दाखेरि त हुँदो रहेछ नि त जहाँ यति निकृष्ट यति धेरै चाहिँ यो तस्करी मानव तस्करी भ्रष्टाचारभन्दा पनि यो निकृष्ट जहाँ ९ सयभन्दा धेरै चाहिँ आज गैरनेपालीहरूलाई बेचेको छ आफ्नो नागरिक बनाएर अनि यो कहाँसम्म यस्तो खालको निकृष्ट व्यवहार हो । त्यहाँ पनि सानो मान्छे होइन नजान्ने होइन । नपढेको होइन । जो ठुलो ओहदामा पटक पटक मन्त्री भैसकेका र धेरै ठुलो ओहदामा अन्य काममा पनि संलग्न भएकाहरू यो देशका चर्चित मान्छेहरू संलग्न भएको छ । त्यसकारणले आज तीन खरबभन्दा धेरै चाहिँ पैसा असुल गरेका छन् । अझै यो अति घिन्लाग्दो, यो देश त यो हामीलाई त्यही डर लाग्छ भनेको यो भ्रष्टाचारीहरू र यो बैमानहरूको देश मात्र देशले पहिलो नम्बरले चिनिने हो कि भन्ने पनि हामीलाई डर लागेको छ । त्यसकारणले जोसुकै हुन् । जुनै पार्टीका हुन् । जो नगनाता जो सुकै परुन् तर उनीले कारबाही भोग्नैपर्छ र देखाउनैपर्छ त्यसकारणले अलिकति

जनताहरूले वास्तवमा सुशासनको वहाँहरूले पाउनुहुन्छ । हुँदो रहेछ है गर्दा रहेछन् है सरकारले भन्ने किसिमको एउटा सहानुभूति पनि र एक किसिमको वहाँहरूलाई प्रत्याभूति पनि आफूलाई फिलिङ गर्नुहुन्छ ।

र अहिले सबै राजनीतिक दलहरूले कसैलाई पनि दोष्नेभन्दा पनि आज दिन प्रतिदिन राजनीतिक पार्टीहरूबाट जनता वितृष्णा भैरहेको छ । यो कुरा त एउटा पार्टीको लागि मात्रै यो दुर्भाग्य होइन होला नि त । हाम्रो यो जुन व्यवस्थामाथि नै एउटा प्रश्न चिह्न छ । त्यसकारणले आज हामीले के सत्तापक्ष र प्रतिपक्ष भनेर चाहिँ हामी यसबाट मुक्त पाउछौं? किन आज जनताले विकल्प खोजिरहेको छ । तेत्रो इतिहास बोकेको २००७ सालदेखिको लिएर आज पञ्चायतदेखि लिएर यत्रो जनआन्दोलनमा समर्पित भा'को पार्टीहरू किन आज चाहिँ बिस्तारै जनताहरूबाट अलगिदै छन् भन्ने कुरामा हामीले यति बेला सोच्नुपर्छ र साँच्चै राजनीतिक दलहरू सोच्नुपर्दछ र आज जनतालाई केही न केही विश्वास दिलाउन पनि पर्दछ ।

आज त्यस्ता विकल्प खोजेर फेरि आज आम युवाहरू पनि वितृष्णको सिकार बनेको छ र उनीहरूले पनि सोच्नुपर्दछ कि बुझ्नुपर्यो इतिहासलाई । आज तपाईंहरूको इतिहासलाई बुझ्नुपर्यो अग्रजहरूको इतिहासलाई बुझ्नुपर्यो कसले बुझाउने? योतर्फ हामी जानैपर्छ र इतिहास बुझ्नैपर्छ । हिजोको ऐतिहासिक व्यक्तिहरूको क्यारे बीपीको इतिहास, गिरिजाको इतिहास, मदन भण्डारीको इतिहास, मनमोहनको इतिहास त्यस्तै थुप्रै थुप्रै इतिहास मान्छेहरूको इतिहास त्यस्तो खालको इतिहास ऐतिहासिक मान्छेहरूको इतिहास अहिलेको युवाहरूले नपढेर पनि यस्तो भैरहेको छ एउटा कुरा त्यो पनि समस्या छ राजनीतिक रूपमा अर्को भनेको त जनताको काम नगरेरै जनताले अपेक्षा गरेको कुरा नगरेरै हो यस्तो स्थिति आ'को । त्यसो भ'को कारणले पनि आज हामीले किन भने हरेक बेला जनताहरूले इतिहासलाई हेर्नुहोस् ।

हरेक बेला नयाँ पार्टीलाई रोजेको छ विकल्प रोजेको छ । हिजोदेखि नै सात सालमा काँग्रेसलाई जितायो । त्यसपछि एमालेलाई जितायो । त्यसपछि नेकपा माओवादीलाई जितायो । त्यसपछाडि उनीहरूले नयाँ खोजे त्यो उनीहरूले सबै टेस्ट गरेको छ नि त कुन पार्टीले कति गर्छ भनेर । त्यो उनीहरूले नयाँ यो कारणले त्यो कारणले भन्दा पनि उनीहरूले नयै विचार खोज्दै गा' छ के । किनभने त्यो पार्टीहरूले त्यो वहाँहरूको चाहाना पूरा नगरेरै हो । सबैले सबै पार्टीहरूलाई त होमिएकै हो नि जनताहरू । लागेकै हो नि जिउ ज्यान दिएर लागेकै हो नि तर हामी त्यो कुरालाई हामीले कति ख्याल गर्यौं आज यो देशको नेतृत्वहरूले हामी त्यसकारणले आज हामी हाम्रो लेभलबाट पनि सच्चिनुपर्दछ ।

म यही सम्मानित राष्ट्रिय सभाबाट सबै पार्टीका नेतृत्वहरूलाई नै एकदम विनम्रताका साथ आग्रह गर्न चाहन्छु । अहिलेको सङ्कट एकजुट हुने हो र हामी एक अर्का लागि हिलो छ्यापाछ्याप गरेर हाम्रो दायित्व पूरा हुँदैन । त्यसकारणले सबैभन्दा हामी जनताको समस्यामा केन्द्रित भएर आज लाग्नुपर्दछ र जनताको जीवनमा हामीले त्यो इन्डिकेटमा त्यो यति भयो । इन्टिकेटरमा यति भयो । यति चाहिँ विकास भयो । भनेर होइन उनीहरूको जीवनमा र आर्थिक अवस्थामा उनीहरूको सामाजिक रूपमा उनीहरूको सम्मानित कसरी बाँचेको छ । आज एउटा दलित कसरी बाँचेको छ । आज एउटा महिला कसरी बाँचेको छ । आज मुस्लिम कसरी बाँचेको छ । आज राउटेहरू कसरी बाँचेको छ भन्ने कुरामा त्यो देखिनुपर्यो त्यहाँ यति भन्दै मेरो आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु । धन्यवाद । नमस्कार ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य प्रमिला कुमारी ।

(१७:२४ बजे) **माननीय श्री प्रमिला कुमारी (जनता समाजवादी पार्टी, नेपाल)**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम म यस बजेट अधिवेशनमा उपस्थित सम्पूर्ण माननीय मन्त्रीज्यू, माननीय सांसद साथीहरूलगायत सम्पूर्ण पक्षलाई हार्दिक स्वागतको साथै शुभकामना व्यक्त गर्दछु र नवनियुक्त माननीय मन्त्रीज्यूहरूलाई हार्दिक बधाईको साथै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु । यस अधिवेशनमा बजेटको आकार, बजेटको खर्च बेहोर्ने स्रोतहरू, बजेटको प्रमुख उद्देश्यहरू बजेटको विशेष कार्यक्रमहरू तथा राजस्व दर र दायरामा संशोधनलगायतका विषयवस्तुमाथि गहन छलफल अवश्य नै हुने छ । वार्षिक ८ लाखभन्दा बढी नेपालीलाई गरिबीको रेखाबाट माथि ल्याउनुपर्ने, शिक्षा, स्वस्थ, रोजगार सुरक्षा क्षेत्रको सुधार गर्न मानव विकास सूचकाङ्कमा पछि परेका समुदाय र प्रदेशलाई प्रथम प्राथमिकतामा राखी बजेट विनियोजन गर्नुपर्ने, सरकारले भूमिहीन दलितलाई आवास उपलब्ध गराउँदा र लालपूर्जा वितरण गर्दा मधेसी भूमिहीन दलितलाई पनि जनसङ्ख्याको आधारमा आवास तथा लालपूर्जाको व्यवस्था मिलाउनुपर्ने, कृषि व्यवसाय र पर्यटन क्षेत्रलाई फोकस गरी बजेट विनियोजन गर्नुपर्नेलगायतका कुराहरूमा हामीले अवश्य नै जोड दिने छौं । थुप्रिएर रहेको पुँजी उत्पादनमूलक क्षेत्रमा परिचालन गरेर अर्थतन्त्रमा सुधार ल्याउन सकिन्छ । सरकारले मिटरब्याजीसम्बन्धी समस्या समाधान गर्न अध्यादेश ल्याएको छ । यसबाट निश्चित रूपले मिटरब्याजीलाई कारबाही गर्न र पीडितलाई न्याय दिलाउन सहयोग हुन्छ । यसको लागि म सरकारलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

नक्कली शरणार्थी बनाउने र गैरकानुनी रूपमा आर्थिक चलखेल गर्नेलाई कानुनी दायरामा ल्याउन माननीय गृह तथा उपप्रधानमन्त्री नारायण काजी श्रेष्ठजीको साहासी पदम प्रशंसायोग्य छ । वहाँ आँट र साहासलाई म स्यालुट गर्न चाहन्छु । मन्त्री सांसद र सचिवजस्तो हाई प्रोफाइलका व्यक्तिहरूले पनि यस्तो क्रिमिनल एक्टिभिटिजमा संलग्न हुन्छन् भने कसरी देशको उन्नति प्रगति हुन्छ? यस्ता क्रिमिनलहरूलाई कानुनी दायरामा ल्याउन कडाभन्दा कडा सजायको माग गर्दछु ।

अब सरकारले नीतिगत रूपले स्थिर भएर काम गर्नुपर्छ । सुशासन र विकासको अभियान गतिका साथ अगाडि बढाउनुपर्ने, जनतालाई डिलेभरी दिन सक्नुपर्ने मुलुकलाई सम्भावित सङ्कटबाट जोगाउन सक्नुपर्ने । सम्भावित अब पहिलाको जस्तो भनेर होइन गरेर देखाउनुपर्छन् भन्छन्: "A saying is hundred times better than a telling" त्यसैले मेरो दल जनता समाजवादी पार्टी नेपालले यो गठबन्धन निर्माणमा भाइटल रोल प्ले गरेको छ ।

**(१७:२७ बजे)** **<u>पुनःपीठासीन</u>**:- सम्माननीय अध्यक्ष श्री गणेशप्रसाद तिमिल्सिना ।

**<u>माननीय श्री प्रमिला कुमारी (जनता समाजवादी पार्टी, नेपाल)</u>**:- एउटा दल सरकारबाट बाहिरिँदैमा सरकारलाई सङ्ख्यात्मक हिसाबले खासै फरक पर्दैन । यो पाँच दलीय गठबन्धनको सरकार हो र अहिले पनि कम्फर्टेबल मेजोरिटीको सरकार छ । यसरी जनहितमा काम भयो भने आम नेपाली समुदायले हामीलाई अवश्य नै साथ दिन्छ । अधिकार प्राप्तिका लागि भएका जनआन्दोलन जनयुद्ध मधेस जनविद्रोह जनजाति आदिवासी आन्दोलन, थारू आन्दोलनलगायतका राष्ट्रिय आन्दोलनमा सहादत प्राप्त गरेका सहिदहरूका परिवारलाई उचित क्षतिपूर्तिको व्यवस्था हुनुपर्ने घाइतेहरूको आवश्यक उपचारको व्यवस्था मिलाउनुपर्ने र विनाकसुर मुद्दा लगाइएका आन्दोलनकारीहरूलाई यस सरकारले अवश्य नै रिहाइ गर्ने अपेक्षा लिएकी छु ।

नागरिकता विधेयक, निजामती कर्मचारी विधेयक र शिक्षा विधेयक यसै अधिवेशनमा सदनबाट पारित हुनु अति आवश्यक छ । अन्त्यमा बलात्कार, हत्या, हिंसा र भ्रष्टाचार नियन्त्रण गर्न पुनः नेपाल सरकारको ध्यान आकृष्ट गराउँदै । यस अधिवेशनको सफलताको कामना गर्दै सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूको उन्नति प्रगतिको कामना गर्दै म आफ्नो भनाइ यहीँ समाप्त गर्दछु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य शेखर कुमार सिंह ।

**(१७:२९ बजे) माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी चौधौं अधिवेशनको बजेट अधिवेशन बर्खे अधिवेशन भनेर नामाकरण भए तापनि हामी प्रवेश गर्दै छौं । बजेट अधिवेशन सँगसँगै बर्खायाम पनि सुरु भा' छ । यस घडीलाई पनि मैले नेपाल सरकारका वरिष्ठ मन्त्रीजीहरू पनि यही उपस्थिति भएको नाताले मैले राख्न केही कुरो चाहन्छु ।

सर्वप्रथम तेह्रौं अधिवेशन हामी सम्पन्न गर्या छौं । निश्चित रूपमा समय परिस्थितिले सबै कुरोको सूचक हुन्छ । त्यही सूचक अन्तरकालमा हामी धेरै विधेयक नल्याउन सक्या होला तर हामी ..... छु कि त्यो थाती रहेका विधेयकहरू पनि यी बजेट अधिवेशनबाट हामी लिएर आउने छु र नेपाली जनता हामीतिर टुल्टुल हेरिराख्या छ । हाम्रा माननीयहरूले हाम्रा विधेयकप्रति बोलिराख्या छ कि छैन? मोबाइलमा पनि फोन गरिराख्नुभा' छ । बोली पनि राख्नुभा' छ । म यतिबाट सुरु गर्न चाहन्छु । यसै बजेट अधिवेशनमार्फत नेपाली नागरिकता विधेयक, निजामती कर्मचारी विधेयक, शिक्षा विधेयक, निश्चित रूपमै यो सरकारले ल्याउनुहुन्छ भन्ने म आशा राख्या छु र नेपाली दाजुभाइ बहिनीहरूलाई म आस्वस्थ पनि गराउन चाहन्छु । यो सरकारले ल्याउँछ । हामी विश्वस्त बसौं ।

साथै सम्माननीयज्यू, हामी जहाँ बसिराखेका छौं त्यहाँ पनि र भ्रमण क्रममा जाँदाखेरि जे देख्यौं । त्यो पनि आज बेल्ने पर्ने अवस्था आइरा' छ । एकतिर हामी आर्थिक अभावको कुरो गरिराख्या छौं । अर्कोतिर हामी खर्बौं खरबका सम्पत्ति नेपालका खोला नालाबाट बगाइराख्या छौं । त्यसलाई संरक्षण गर्ने कि नगर्ने? त्यसबाट आय आर्जन गर्ने कि नगर्ने? जति पनि खोला नालाबाट नदीजन्य वस्तुहरू प्रतिवर्ष खरबौंको बगेर जाँदै छन् । अर्कोतिर हाम्रो निर्माण कम्पनीहरूलाई कुनै पनि साइट ६० किलोमिटर ७० किलोमिटरभन्दा कमको ..... साइट देख्या छैन । जहाँ कि २ किलोमिटर, ५ किलोमिटर, ७ किलोमिटरमा हामी निरीक्षण क्रममा आफै नजरले देखेर आ'का वस्तुहरू हामी उपयोग गर्न सक्या छैनौं । हामी बगाएर पठाउँदै छौं । त्यसले पनि यो सरकारले निश्चित रूपमा ध्यान दिएर यो खरबौंको नासाबाट रोक्नुहुन्छ भन्ने म आशा राख्या छु ।

अहिलेको अवस्थामा अब सम्माननीय अध्यक्षज्यू, अब बर्खा पनि आउन लाग्यो आशा राखौं । हामी किसानहरू मल पनि समयमै आउछौं । त्यसको लागि पनि म विश्वस्त छु तर एकतिर किसानले बाली लगाउने अर्कोतिरबाट यो जङ्गली जनावरहरूको आतङ्क हामी कति बेरसम्म खेप्दै रहने? जसमा कि प्रमुख दायित्व हाम्रो जङ्गली जनावरमा हात्तीको आइराख्या छ ।

मानवीय क्षति पनि गरिराख्या छ । कुनै वर्ष त्यस्तो छैन कि जहाँ अब बालीनाली नष्ट गर्या छैन । म त सगर्व भन्न सक्छु । आज पनि सरकारले नेपालको कृषि क्षेत्रमा ध्यान दिएर हामी लागिपर्यौं भने त हाम्रो कृषिको वरिष्ठ मन्त्रीजी पनि यही हुनुहुन्छ र वहाँको कार्यकालमा जसरी हामी ४०/४५ वर्षअगाडि नेपालबाट चामल आयात गर्ने मुलुकमध्ये आउँथ्यौं त्यसरी यसपालिको बालीबाट सञ्चित गरेर हामी तीन मुलुकतिर जाने छु भन्ने आशा राख्या छु ।

आजको बेला नेपाल र नेपालीको लागि मिलेर जाने बेला भा' छ । हुन सक्छ म धेरै नबुझ्या होला तापनि अहिलेको समय सम्पूर्ण नेपालीले एक जुट भएर नेपाल र नेपालीलाई बनाउनुपर्ने अवस्थाको बेलामा हामी विभाजित नहौं । सही कामलाई हामी सही काम भनौं । गलतलाई त गलत भन्नै पर्छ नि । त्यसैकारणले विगतका वर्षहरूमा जसरी भए जसरी सञ्चोकले हाम्रो माझमा अर्थमन्त्रीज्यू पनि पाल्नुभा' छ । यसपालि हामीले त्यस्तो बजेट हेर्न पाउदिनँ । त्यो हामी विश्वास राख्या छौं । छ मैले बोल्या छैन । यहाँ स्रेस्तामा कायम भएको छ । त्यसैकारणले उसलाई निश्चित रूपमा हाम्रो अर्थमन्त्रीजीले मेटाउनुहुन्छ र नेपाल र नेपालीको अनुहार फेर्ने गरी बजेट ल्याउँदै हुनुहुन्छ । आज बिहान मात्रै मैले एउटा गोरखापत्रमा पढ्दाखेरि बढा हर्ष लाग्दो कुरो थियो । जहाँ हामी निर्याततर्फ पनि अब दुई खर्बले नाग्दै छु भनेपछि यो सन्तोषजनक अवस्था फर्कन लाग्या छ नेपाली । त्यसमा पनि मैले धन्यवाद दिनै पर्छ । सरकारलाई धन्यवाद छ । गोरखापत्रको फर्स्ट पेजमै लेख्या छ आज । होटलको फोटो दिइया छ । त्यसमा लेखिया छ ।

त्यसैकारणले आउने अधिवेशनलाई हामी सदुपयोग गरेर अगाडि अधिवेशनको विधेयक अधिवेशनमा थाती रहेका केही विधेयकहरू पनि अहोरात्र लागेर त्यो कार्यलाई पनि सम्पन्न गर्ने छु र यस अधिवेशनमा सरकारबाट ल्याउने सम्पूर्ण विधेयकहरूमा यो राष्ट्रियसभा गहनताका साथ प्रत्येक अधिवेशनमा लागेकै छ । यसपालि पनि लाग्ने नै छ भन्ने म विश्वस्त छु र एउटा सदस्यको हैसियतले हामी पनि लागेरै किन १० बजे ११ बजे रातीसम्म हामी बसेर पनि यही सदनमा हामी सबै विधेयक पास गरेरै उठेको छु । यसपालि पनि सबै ल्याएर आउनुहुन्छ । र सबै गर्नुहुन्छ । शिक्षा, स्वास्थ्यका क्षेत्रमा सरकारले विशेष ध्यान दिनुहुन्छ । आशा राख्या छु ।

त्यस्तै नेपाली नागरिकताको विधेयक पनि धेरै चासोको विषय बनिसक्या छ । यसलाई पनि यथासम्भव छिटोभन्दा छिटो यो अनागरिक नेपालीलाई नागरिक बनाइदिन म सादर अनुरोध गर्दै छु । आफ्नै दाजुभाइ किन अनागरिक भएर बसिरहन्छ? त्यसलाई नागरिक भएरै फर्काऊ । अबको जुग त्यही नै हो । सम्माननीयज्यू, हामीले जति जे जोड जुलुम गरे तापनि

हाम्रा सन्तति र हाम्रा सन्तानै राम्रो भएन भने हामी कसैले पनि केमा आश राखेर जानसक्छु त्यसले यसलाई पुनः विचार गरेर लाग्ने छु र साथै गृहमन्त्रीज्यूको बाचा सुनेको पनि थिएँ । अनुभव पनि गर्या छु । पुरानो मित्रता भएको नाताले चिनिया पनि छु । वहाँले जे बोल्नुभा' छ । अलिक कमै बोल्नुभा' छ । त्योभन्दा पनि अलिक वहाँ सालिन भएर पनि अगाडि नै हुनुहुन्छ भन्दै म धन्यवाद दिन चाहन्छु र सँगै सम्माननीयज्यू हामी नेपाल र नेपालीको अनुहार फेर्न चाहिराख्या छु । यति भन्दै म आफ्नो दुई शब्द यहीं अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य तुलप्रसाद विश्वकर्मा ।

(१७:३९ बजे) **माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)**:- सम्माननीय अध्यक्ष महोदय, हामी तेह्रौं अधिवेशनको अन्त्यपछि यो चौधौं अधिवेशनको पूर्वसन्ध्यामा छौं । यस घडीमा म यहाँ उपस्थित सम्पूर्ण माननीय मन्त्रीज्यूहरू, माननीय सदस्य साथीहरू सबैप्रति हार्दिक अभिवादन टक्राउन चाहन्छु । र नवनिर्वाचित मन्त्रीज्यूहरूलाई बधाई पनि दिन चाहन्छु र यस घडीमा हामी तेह्रौं अधिवेशनमा थुप्रै विषयहरूमा हामीले छलफल गर्यौं बहस गर्यौं । केयौं विधेयकहरू हामीले पारित गर्यौं तर पनि गर्नुपर्ने काम धेरै नै बाँकी छ । त्यसलाई लागु गर्नुपर्ने व्यवहारमा ल्याउनुपर्ने कुरा अझै नै बाँकी देखिन्छ र जनताका दैनिक जीवनसँग जोडिएका कामहरूलाई उनीहरूको जीवनस्तरलाई बदल्न उनीहरूको जीवनस्तरमा अनुभूति हुने किसिमले सरकारको तर्फबाट डेलिभरी दिन नसकेको कुरा ती गुनासाहरू अझै पनि छन् ।

र विशेष गरेर शिक्षा, स्वास्थ्यका कुराहरू यहाँ उठिसके र नेपालको ठुलो जनशक्ति, श्रमशक्ति विदेशिएको छ । त्यसलाई रोक्नका लागि देशमा रोजगार सिर्जना गर्न जरुरी छ । सरकारले त्यसमा अझै पनि आफ्नो ध्यान पुर्‍याउन नसकेको अनुभूति गर्या छु मैले र त्यसलाई विशेष गरेर कृषि र उद्योगको क्षेत्रमा हाम्रो देशले जुन प्रकारको उद्योग धान्न सक्छ । त्यसैबाट सुरु गरेर यो युवा श्रमलाई हामीले रोक्न सक्यौं भने देशमा निश्चित रूपमा केही उन्नति प्रगति हुन सक्ने देखिन्छ र अर्कोतिर शिक्षाको गुणस्तर सायद हामीले कायम गर्न नसकेरै होला ठुलो सङ्ख्यामा विद्यार्थीहरू विदेशिएका छन् । जसको मार्फतबाट ठुलो धनराशी राष्ट्रको धनराशी विदेशिएको छ । यो कुरालाई पनि रोक्नको लागि हामीले ध्यान दिनुपर्ने छ र यहाँ धेरै माननीयज्यूहरूले उठाउनुभयो भ्रष्टाचारका कुरा अझै पनि हामीले रोक्न सकेका छैनौं । जनताको ढाड सेक्ने गरेर वृद्धि भएको मूल्य वृद्धिलाई हामीले घटाउन सकेका छैनौं र यो कुरामा पनि तत्काल ध्यान दिन पर्ने कुरा देखिन्छ ।

र भर्खरै ताजा घटना भुटानी शरणार्थीको चर्चा चलिराखेको छ र यो भुटानी शरणार्थीको सन्दर्भमा जोडिएर जुन जुन नामहरू हामीले सुन्ने गरेका छौं । निश्चित रूपमा तपाईं हामीहरूलाई लाज लाग्ने अवस्था सिर्जना भएको छ । हामी हिजोदेखि वामपन्थी राजनीति गरेर आयौं । वामपन्थीहरू कम्युनिष्टहरू सच्चा हुन्छन् । नैतिकवान हुन्छन् । कर्मठ हुन्छन् । अनुशासित हुन्छन् भनेर हामीले सिकेका हौं तर तिनै वामपन्थी आन्दोलनबाट खारिएर आएका त्यति मात्रै होइन जनयुद्धसमेत लडेर आएका मानिसहरू नामसमेत सुन्दा मलाई अत्यन्त लज्जाबोध भएको छ । निश्चित रूपमा यस खालका घटना निरुत्साहित गर्नुपर्छ र माननीय गृहमन्त्रीज्यूले जुन कदम उठाउनुभएको छ । मैले पनि वहाँलाई धन्यवाद थप्न चाहन्छु । यस खालका कुरामा सरकारको तर्फबाट बलियो कदम चालेर हामी दरो इच्छा शक्तिका साथ अघि बढ्यौं भने निश्चित रूपमा यो समाजमा परिवर्तन आउन धेरै समय लाग्दो रैइन्च भन्ने कुरा हामीले केही घटनाहरूबाट बुझेका छौं । त्यसैले यो सरकारलाई म जनताको दैनिक आवश्यकताको कुराहरूलाई र देशको राष्ट्र र राष्ट्रियताको सवाललाई गणतन्त्र र धर्म निरपेक्षलाई जोगाउने सवाललाई लिएर अडिक्तासाथ अघि बढ्नको लागि मैले अनुरोध गर्छु सुझाव दिन्छु र यो सरकारलाई त्यस कदमलाई हामीले पूर्ण समर्थन गर्छौं ।

र यहाँ स्वाभाविक रूपमा विपक्षको काम सरकारको आलोचना गर्नु हो । नाजायज कुराको सबैले आलोचना गर्छन्, हामी पनि गर्छौं तर यो सरकारले केही गरेन हुँदै भएन गर्नै सकेन भन्ने त्यस किसिमको तर्फबाट पनि हामीले नबुझौं । अब यहाँ विपक्षीबाट कुरा आयो कि गठबन्धनले गर्दाखेरि यहाँ सरकारमा के के भयो के के आयो भन्ने कुरा आयो । गठबन्धन त पहिले पनि गरेको हो । जो अहिले विपक्षीमा हुनुहुन्छ वहाँलाई त करिब तीन तिहाइको समर्थन त दिएकै हो त तर वहाँहरूले तेत्रो समर्थन पाएर अनि राजनीति कहाँ पुऱ्याउनुभो' । त्यता पनि अलिक पुनर्मूल्याङ्क गर्दा राम्रो होला कि त्यसैले देशको राजनीतिक आवश्यकताले गठबन्धन जन्मायो अब तपाईंहरूले कतिपय अवस्थामा यहाँहरूले अप्राकृतिक गठबन्धन भन्ने शब्द पनि प्रयोग गर्नुहुन्छ । प्राकृतिक र अप्राकृतिक त परिस्थितिले सिर्जना गर्दो रहेछ त्यसैले भविष्यमा यस्ता कुराहरूमा पनि हामीले ख्याल गर्नुपर्छ कि भन्ने लाग्छ । र विशेष गरेर कानुन मन्त्रीज्यूलाई पनि मैले देखिरहेको छु यहाँ अन्य मन्त्रीज्यूहरू पनि हुनुहुन्छ ।

हामीले यही तेह्रौं अधिवेशनमा दलित जातिहरूको हक अधिकार र उसको पक्षमा त्यसलाई कार्यान्वयन गर्ने पक्षमा एउटा सङ्कल्प प्रस्ताव पास गरेका थियौं । त्यो पारित गरेको सङ्कल्प प्रस्ताव सायद यो राजपत्रमै पनि प्रकाशित भएको छैन । र मैले सुन्दै छु त्यो तल्लो निकायहरूमा पनि त्यो सर्कुलिङ भएको छैन । म सरकारलाई त्यस विषय ध्यान आकर्षण

गराउन चाहन्छु । तुरुन्त त्यो सङ्कल्प प्रस्तावलाई कार्यान्वयन गर्नको लागि सरकारले कदम चालोस् । किनभन्दा दलितहरूको लागि यो समाजमा सबैभन्दा पछि परेको दलित, महिला, जनजाति, सीमान्तीकृत वर्गहरू हुन् । त्यसमध्ये पनि पिँधमा परेको दलित हो । दलितको हाम्रो संविधानले जति अधिकार दिएको छ । त्यो अधिकार व्यवाहरमा आउन सकेको छैन र व्यवहारमा ल्याउनको लागि पनि अत्यन्त कठिन सङ्घर्ष गर्नुपर्ने कठोर एउटा समस्या भोक्नुपर्ने अवस्था छ । त्यही भएर त्यसलाई तत्काल लागु गरियोस् भनेर त्यो उद्देश्यले सङ्कल्प प्रस्ताव हामीले पारित गरेका हौं । त्यसलाई कार्यान्वयनमा ल्याउनको लागि सरकारसँग म माग गर्दछु र यति भन्दै मैले आफ्नो भनाइलाई यहीं अन्त्य गर्दछु । धन्यवाद ।

(१७:४७ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ्गलाई मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८० सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

(१७:४८ बजे) **<u>माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्ग</u>**:- सम्माननीय अध्यक्ष महोदय, लेनदेन नभएको वा नगरेको रकम दिएको भनी लिखत तयार गर्ने, लेनदेन गरेको वास्तविक रकमभन्दा बढी रकमको लिखत तयार गर्ने, लेनदेन गर्दाकै बखतमा ब्याज रकमसमेत साँवामा जोडी लिखत तयार गर्ने, ब्याजलाई साँवामा जोडी नयाँ लिखत तयार गर्ने, ऋणीले तिरेको, बुझाएको रकमको भरपाई नदिने वा लिखत नबनाउने, ऋणको साँवाभन्दा बढी ब्याज लिने, ऋण असुलीको लागि कुनै प्रकारको धम्की दिने वा साँवाभन्दा बढी ब्याज लिने, ऋण असुलीको लागि कुनै प्रकारको धम्की दिने वा हिंसा वा शोषण गर्ने, अनुचित लेनदेनको आधारमा ऋणीको अचल सम्पत्तिको हक हस्तान्तरण गरी लिनेजस्तो कार्यलाई फौजदारी कसुर कायम गरी त्यस्तो कार्य गर्ने वा गराउने व्यक्तिलाई सजायको व्यवस्था गर्न त्यस्तो समस्याबाट पीडितलाई न्याय निरुपन गर्न तथा घरसारमा हुने लेनदेन व्यवहारलाई व्यवस्थित विश्वसनीय र पारदर्शी बनाई अनुचित लेनदेन कारोबार हुने अवस्था निराकरण गर्नको लागि तत्काल प्रभावकारी कानुनी व्यवस्था गर्न आवश्यक भएकोले मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश नेपाल सरकार मन्त्रीपरिषद्को सिफारिसमा मिति २०८०/०१/२० मा राष्ट्रपतिबाट जारी भएको बेहोरा जानकारी गराउँदछु । अध्यक्ष महोदयको अनुमतिले नेपालको संविधानको धारा ११४ को उपधारा (२) को खण्ड (क) बमोजिम मुलुकी

संहितासम्बन्धी केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८० लाई संघीय संसदको राष्ट्रिय सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

(१७:४९ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री डा. प्रकाश शरण महतलाई आर्थिक वर्ष २०८०/०८१ का लागि "विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा कर प्रस्तावबाहेक सभामा छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

(१७:५० बजे) **माननीय अर्थमन्त्री डा. प्रकाश शरण महतः**- सम्माननीय अध्यक्ष महोदय,

१. नेपालको सरकारको अर्थमन्त्रीको हैसियतले विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्न यस सम्मानित सदनसमक्ष उपस्थित भएको छु । आगामी आर्थिक वर्षको बजेट दिगो, फराकिलो एवम् समावेशी आर्थिक वृद्धि हासिल गर्ने, रोजगारीका अवसर बढाउने, सुशासन प्रवर्द्धन गर्ने, सेवा प्रवाहमा सुधार र स्रोत, साधनको प्ररिचालनमा प्रभावकारिता कायम गर्नेतर्फ परिलक्षित हुने जानकारी गराउँछु ।

सर्वप्रथम म मुलुकको अर्थतन्त्र र बजेट प्रणालीमा देखिएका विद्यमान समस्या तथा चुनौतीहरूलाई सङ्क्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

२. विश्व आर्थिक परिदृश्यका साथै केही आन्तरिक कारणले गर्दा आर्थिक गतिविधिमा शिथिलता आई मुलुकको अर्थतन्त्र दबाबमा रहेको परिवेशमा मैले अर्थमन्त्रीको जिम्मेवारी सम्हालेको छु । चालु आर्थिक वर्षमा उत्पादन, व्यापार र निर्माण क्षेत्रमा सुस्तता आएकोले आर्थिक वृद्धि न्यून हुने देखिएको छ । लक्ष्यअनुरूप राजस्व परिचालन हुन सकेको छैन, सार्वजनिक ऋणको दायित्व बढ्दै गएको छ । सरकारी खर्चको प्राथमिकीकरण हुन नसक्दा साधन स्रोत छरिने गरी विनियोजन गर्ने र आर्थिक वर्षको अन्त्यतिर खर्च गर्ने प्रवृत्ति कायमै छ । साधारण खर्चमा वृद्धि हुँदै गएको छ । आयोजना कार्यान्वयन कमजोर हुँदा पुँजीगत खर्च न्यून हुनुका साथै खर्चको प्रभावकारिता बढ्न सकेको छैन । फलस्वरूप सरकारको वित्त सन्तुलनमा चाप परेको छ ।

३. न्यून कूल ग्रायस्त बचत, मुद्रास्थिति, उतार चढाव पुँजी बजार, बढ्दो ब्याजदर, कमजोर पुँजी निर्माण, निरन्तर उच्च व्यापार घाटा, बैङ्किङ क्षेत्रमा खराब कर्जाको जोखिमजस्ता चुनौतीहरू अर्थतन्त्रमा विद्यमान रहेका छन् । राजनीतिक परिवर्तनपश्चात् जनतामा बढ्दे गएको विकासको आकाङ्क्षा सम्बोधन गर्न सक्ने गरी मुलुकको आर्थिक सामर्थ्य विकास गर्ने चुनौती हाम्रोसामु रहेको छ ।

४. माथि उल्लेखित चुनौतीका बाबजुद विदेशी विनिमय सञ्चिति, विप्रेषण, आप्रवाह, पर्यटन आगमन, बैङ्किङ क्षेत्रको तरलतालगायत अर्थतन्त्रका केही सूचकहरू सुधार हुँदै गएका छन् । यस परिपेक्षमा आर्थिक क्रियाकलापमा गतिशीलता ल्याई अर्थतन्त्रलाई लयमा फर्काउन सरकारी वित्तको पुर्नसंरचना गरी प्रभावकारी राजस्व परिचालन, परिणाममुखी पुँजीगत खर्च, अनउत्पादक क्षेत्र खर्च कटौती एवम् साधारण खर्चमा मितव्ययिता कायम गर्न जरुरी रहेको छ । साथै आगामी बजेटले निजी क्षेत्रको मनोबल वृद्धि, उद्धमशीलताको विकास, सेवा प्रवाहमा सुधार एवम् शासन व्यवस्थामा पारदर्शिता कायम गर्नेतर्फ जोड दिनुपर्ने आवश्यकता बोध गरेको छ ।

५. विनियोजन विधेयक, २०८० तर्जुमा गर्दा नेपालको संविधान संयुक्त सरकारको प्राथमिकता र साझा न्यूनतम कार्यक्रम चालु आवधिक योजना अल्पविकसित मुलुकबाट विकास उन्मुख मुलुकमा स्तर उन्नति हुने एवम् दिगो विकासका लक्ष्य प्राप्ति गर्ने सम्बन्धमा गरिएका राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई आधारका रूपमा लिइने छ । जनतामा राज्यप्रतिको भरोसा र भविष्यप्रति आशा जगाउनेतर्फ आगामी वर्षको बजेट निर्देषित रहने जानकारी गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, अब म विनियोजन विधेयक, २०८० का सिद्धान्त प्रस्तुत गर्दछुः-

६. **दिगो, फराकिलो एवम् समावेशी आर्थिक वृद्धि र समष्टिगत आर्थिक स्थायित्वः** सरकारी, निजी र सहकारी क्षेत्रको लगानीको प्रभावकारिता वृद्धि गरी उत्पादनमुखी अर्थतन्त्रको आधार निर्माण गर्नेतर्फ बजेट केन्द्रित हुने छ । अर्थतन्त्रलाई गतिशील बनाई दिगो, फराकिलो एवम् समावेशी आर्थिक वृद्धि र समष्टिगत आर्थिक स्थायित्व कायम गर्न वित्त नीति र मौद्रिक नीतिबिच तारतम्यता कायम गरिने छ । वित्त घाटालाई वाञ्छित सीमाभित्र राखिने छ । आयत प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्दै बाह्य क्षेत्र स्थायित्व कायम गर्न जोड दिइने

छ । उत्पादन एवम् उत्पादकत्व वृद्धि गरिने छ । उत्पादनशील क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी परिचालन गरी रोजगारीका अवसर बढाइने छ । डिजिटल इकोनोमीलाई प्रवर्द्धन गरिने छ । सबै प्रकारको गरिबी न्यूनीकरण गरी निरपेक्ष गरिबीको रेखामुनि रहेका जनसङ्ख्या अनुपात कम गरिने छ । गरिब र धनीबिचको खाडल घटाइने छ ।

७. **सामाजिक क्षेत्रको विकास र सामाजिक न्याय**ः संविधान प्रदत्त मौलिक हक र दिगो विकास लक्ष्यलगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप गुणस्तरीय शिक्षा, स्वास्थ्य र खानेपानी उपलब्ध गराउने नीति लिइने छ । विकासको प्रतिफल सबै वर्ग, क्षेत्र र समुदायले प्राप्त गर्न सक्ने गरी सन्तुलित र न्यायोचित रूपमा स्रोत, साधनको विनियोजन गरिने छ । प्रादेशिक सन्तुलनलाई ध्यानमा राखी विकास आयोजनाहरू छनोट गरिने छ । सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै दिगो स्रोत व्यवस्थापन गर्ने नीति लिइने छ । सबै प्रकारका विभेद, असमानता, कुरीति, शोषण, अन्यायको अन्त्य गरिने छ । विकास प्रयासमा जनताको सहभागिता बढाउने र विकासको मूल प्रभाहमा पछाडि परेका वर्ग, लिङ्ग, क्षेत्र, जातजाति र समुदायका साथै अपाङ्गता भएका नागरिकको सशक्तीकरण गर्नेतर्फ बजेट निर्देषित हुने छ । राष्ट्रिय भूमि आयोगमार्फत भूमि नागरिकका समस्या सम्बोधन गरिने छ ।

८. **दिगो विकास र जलवायु परिवर्तन**ः सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्नेतर्फ बजेट निर्देषित हुने छ । जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलनका कार्यक्रमलाई आयोजनाको प्रारम्भिक चरणदेखि नै समावेश गर्दै लगिने छ । वातावरण प्रदूषण र न्यूनीकरण गर्न हरेक प्रविधिको प्रवर्द्धन गरिने छ । यातायात तथा ग्रार्हस्य उपभोगमा स्वस्थ र हरित उर्जा उपयोगलाई प्रोत्साहन गरिने छ । वन, जङ्गललगायतका प्राकृतिक इकोसिस्टमको संवर्द्धन गरिने छ । पर्यावरण मैत्री र हरित अर्थतन्त्र निर्माण गर्नेतर्फ बजेट लक्षित हुने छ ।

९. **सङ्घीयताको सबलीकरण**ः सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई सुदृढ बनाउन साधन, स्रोतको निक्षेपणमा जोड दिइने छ । नेपालको संविधानले व्यवस्था गरेबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीका आधारमा वित्त हस्तान्तरण गरिने छ । सङ्घ, प्रदेश र स्थानीय तहको क्षमता अभिवृद्धिमा

जोड दिइने छ । तीनै तहका सरकारबिचको समन्वय र सहकार्यलाई मजबुत बनाइने छ ।

१०. **निजी क्षेत्रको मनोबल अभिवृद्धिः** निजी क्षेत्रलाई आर्थिक वृद्धिको संवाहकको रूपमा विकास गरिने छ । लगानी मैत्री वातवरण सिर्जना गरी आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्न निजी क्षेत्रको भूमिकालाई सबल बनाइने छ । नीतिगत स्थिरता, व्यवसाय मैत्री नीति र प्रक्रिया सरलीकरण गरी स्वदेशी र विदेशी लगानी आकर्षित गरिने छ । वित्तीय क्षेत्रमा कार्यकुशलता अभिवृद्धि गरी पुँजीको सहज उपलब्धता एवम् लागत कम गरिने छ । गैरआवासीय नेपालीको सिप, पुँजी र प्रविधिलाई आकर्षित गर्ने र उनीहरूलाई लगानीद्रुतको रूपमा परिचालन गर्ने नीति लिइने छ । अनौपचारिक आर्थिक क्रियाकलापलाई औपचारिक क्षेत्रमा आउने वातावरण सिर्जना गरिने छ ।

११. **सुशासन प्रवर्द्धन र सेवा प्रवाहमा सुधारः** नीति निर्माण तथा कार्यान्यवन र सेवा प्रवाहमा दक्षता एवम् प्रभावकारिता बढाउन राज्य संयन्त्र क्षमता अभिवृद्धि गरिने छ । सङ्घ, प्रदेश र स्थानीय तहका काम, कारबाहीलाई स्वच्छ, मितव्यायी, पारदर्शी र जवाफदेही बनाइने छ । भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति लिइने छ । नागरिकलाई प्रदान गर्ने सेवाको पहुँच र गुणस्तर वृद्धि गरिने छ । सुशासनको प्रत्याभूतिका लागि स्वार्थको द्वन्द्व हुन नदिने आवश्यक कानुनी आधार तयार गरिने छ ।

सम्माननीय अध्यक्ष महोदय, अब म विनियोजन विधेयक, ०८० का क्षेत्रगत प्राथमिकता प्रस्तुत गर्न चाहन्छुः-

१२. किसानको मानवोचित जीवनयापनका लागि आयआर्जनमा सहयोग पुग्ने गरी कार्यक्रम सञ्चालन गरिने छ । कृषि क्षेत्रमा उत्पादन र उत्पादक्तवमा वृद्धि गरी आत्मनिर्भरतातर्फ उन्मुख बनाइने छ । कृषिको व्यवसायीकरण, यन्त्रकीकरण गरी उत्पादनलाई लगत प्रभावी र प्रतिस्पर्धी बनाइने छ । रासायनिक मलको सहज उपलब्धता, भरपर्दो सिँचाइ सुविधा र कृषि प्रसार सेवाको विस्तारमा जोड दिइने छ । कृषि अनुदान प्रणालीमा सुधार गरी वास्तविक किसानसमक्ष पुर्याउने र उत्पादनमा आधारित बनाइने छ । रैथाने बाली र प्राङ्गारिक तथा प्राकृतिक प्रवृत्तिमा आधारित खेतीलाई प्रोत्साहन गरिने छ । बाँझो जग्गालाई कृषि उत्पादनमा उपयोग गरिने छ । कृषि उपजको भण्डारण र बजारीकरणका लागि

कार्यक्रम सञ्चालन गरिने छ । व्यवसायिक पशुपालन र नश्ल सुधारमा जोड दिइने छ । खाद्य सुरक्षा प्रत्याभूति गर्न कार्यक्रम सञ्चालन गरिने छ । भूउपयोग नीतिको प्रभावकारी कार्यन्वयन गरिने छ ।

१३. औद्योगिक क्षेत्रको उत्पादन र उत्पदाकत्व वृद्धि गरी उपभोग्य वस्तुमा वैदेशिक निर्भरता कम गर्दै लगिने छ । उद्यमशीलता विकासका साथै start-up लाई प्रोत्साहन गरी नयाँ उद्यमीलाई आकर्षित गरिने छ । औद्योगिक तथा व्यपार पूर्वाधार विकासमा जोड दिइने छ । लघु, घरेलु तथा साना मझौला उद्योग प्रवर्द्धन गर्न कार्यक्रम सञ्चालन गरिने छ । स्वदेशी र विदेशी लगानी बढाउन आवश्यक नीतिगत कानुनी र प्रक्रियागत सुधार गरिने छ । कृषि सूचना प्रविधि, जलविद्युत्लगायतका तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमता उच्च भएका वस्तु र सेवाको विकास र निर्यात प्रवर्द्धन गरिने छ । निर्यात प्रवर्द्धन गर्न नगद अनुदानकालगायतका प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिने छ । गैरआवासीय नेपालीको सिप र पुँजीलाई आर्थिक विकासमा उपयोग गरिने छ ।

१४. शिक्षा क्षेत्रको विकासमार्फत ज्ञानमा आधारित अर्थतन्त्रको आधार स्तम्भ तयार गरिने छ । आधारभूत शिक्षामा सबै बालबालिका पहुँच पुर्याइने छ । विद्यालय शिक्षाको गुणस्तर सुधार गरिने छ । प्राविधिक शिक्षामा जोड दिइने छ । उच्च शिक्षालाई उत्पादनमूलक र अनुसन्धानमूलक बनाइने छ । नवप्रवर्तन आविष्कार र अनुसन्धानमा लगानी बढाइने छ । नागरिक शिक्षामा जोड दिइने छ । आधारभूत स्वास्थ्यमा नागरिक पहुँच सुनिश्चित गरिने छ । विशिष्टीकृत स्वास्थ्य सेवाको विस्तार र गुणस्तर अभिवृद्धि गरिने छ । महामारी रोकथाम नियन्त्रण र उपचारका लागि खोप सेवालगायतका कार्यक्रम सञ्चालन गरिने छ । स्वास्थ्य पूर्वाधार उपकरण र जनशक्ति विकासमा लगानी गरिने छ । स्वस्थ र गुणस्तरीय खानेपानी सेवाको पहुँच विस्तार र सरसफाइका कार्यक्रम सञ्चालन गरिने छ ।

१५. ठुला र रणनीति महत्त्वका भौतिक पूर्वाधार आयोजनालाई प्राथमिकता दिइने छ । काठमाडौं-तराई/मधेस द्रुतमार्ग, पूर्व-पश्चिम जोड्ने लोकमार्ग, उत्तर-दक्षिण जोड्ने कोरिडोर निर्माण कार्यलाई तीव्रता दिइने छ । सबै स्थानीय तहको केन्द्रलाई नजिकको सडक सञ्जालसँग जोडिने छ । सडक, पुल र ग्रामीण तथा सहरी पूर्वाधारका निर्माणाधीत आयोजना समयमै सम्पन्न गर्ने गरी रकमको विनियोजन गरिने छ । सार्वजनिक निर्माणको गुणस्तर सुनिश्चित गर्न नियमन कार्य

व्यवस्थालाई प्रभावकारी बनाइने छ । सार्वजनिक यातायात सेवालाई सुरक्षित, सहज र प्रतिस्पर्धी बनाइने छ । हवाइ यातायातको सुरक्षा र विमानस्थलको स्तरोन्नतिलाई प्राथमिकतामा राखिने छ । बसोबास योग्य स्वस्थ र व्यवस्थित सहर विकास गर्न सहरी पूर्वाधार निर्माण गरिने छ । सरकार, निजी क्षेत्र र समुदायको सहभागितामा जनसङ्ख्याको सघनता र आर्थिक सम्भाव्यतालाई मध्यनजर राखी नयाँ सहर विकास गरिने छ ।

१६. आन्तरिक आवश्यकता पूर्ति गर्दै निर्यात आयको महत्त्वपूर्ण स्रोत हुने गरी जलविद्युत्‌को विकास गरिने छ । विद्युतीय यातायातको प्रयोग र घरायसी विद्युत् खपतलाई बढावा दिइने छ । ऊर्जा क्षेत्रमा स्वदेशी र विदेशी लगानी विस्तार गरिने छ । जलविद्युत् उत्पादन तथा आन्तरिक र अन्तरदेशीय विद्युत् प्रशारण लाइन विस्तारमा लगानी गरिने छ । सुख्खा मौसममा विद्युत् आपूर्तिमा आत्मनिर्भर हुन जलाशययुक्त विद्युत् आयोजना विकासमा जोड दिइने छ । स्वच्छ ऊर्जाको पहुँच नपुगेको जनसङ्ख्यालाई लक्षित गरी ग्रामीण विद्युतीकरण र वैकल्पिक ऊर्जाका कार्यक्रमहरू सञ्चालन गरिने छ । विद्युत् खपतलाई प्रोत्साहन गरी पेट्रोलियम पदार्थमाथिको निर्भरता घटाइने छ ।

१७. सूचना प्रविधि क्षेत्रलाई उद्योगको रूपमा विकास गरिने छ। सूचना प्रविधिको व्यवसायीकरणका कार्यक्रम सञ्चालन गरी सेवा निर्यात बढाइने छ। मुलुकको आर्थिक रूपान्तरणमा डिजिटल प्रविधिको महत्त्व र युवा वर्गको आकर्षणलाई ध्यानमा राखी यसको उपयोग र विकासलाई प्राथमिकताका साथ अगाडि बढाइने छ । सूचनाको हक र प्रेस स्वतन्त्रतालाई सुनिश्चित गरिने छ । सामाजिक सञ्जालमा आधारित सञ्चार माध्यमलाई औपचारिक दायरामा आउन प्रोत्साहित गरिने छ । हुलाक सेवा र सरकारी सञ्चार माध्यमको पुनर्संरचना गरी व्यवसायिकता र प्रभावकारिता अभिवृद्धि गरिने छ । नेपाललाई चलचित्र छायाङ्कनको आकर्षक स्थलको रूपमा प्रवर्द्धन गरिने छ ।

१८. पर्यटन व्यवसायलाई आय आर्जन, रोजगारी र विदेशी मुद्रा आर्जनको महत्त्वपूर्ण क्षेत्रको रूपमा विकास गरिने छ । कोभिड-१९ महामारीपछि पुनर्जागृत हुँदै गरेको पर्यटन क्षेत्रलाई थप गति दिन प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिने छ । पर्यटकलाई सुरक्षित पर्यटकीय सेवा प्रदान गर्ने व्यवस्था मिलाइने छ । महत्त्वपूर्ण धार्मिक, ऐतिहासिक र सांस्कृतिक स्थलहरूको विकास र अन्तरआबद्धता

कायम गरी पर्यटन प्रवर्द्धन गरिने छ । पर्यटन पूर्वाधारमा लगानी गरिने छ । नयाँ पर्यटकीय गन्तव्यको विकास गरी पर्यटन क्षेत्रको विविधीकरण गरिने छ । नेपाली संस्कृति र सम्पदाको संरक्षण गर्न कार्यक्रम सञ्चालन गरिने छ ।

१९. वन सम्पदाको संरक्षणका साथै समुचित उपयोग प्रणालीलाई व्यवस्थित गरिने छ । जलवायु परिवर्तनका असर कम गर्ने उपाय अवलम्बन गरिने छ । विपद् न्यूनीकरण र रोकथामका उपाय अवलम्बन गरिने छ । आयोजना कार्यान्वयन गर्दा वातावरणीय पक्षलाई उच्च महत्व दिइने छ । भू-क्षय र नदी नियन्त्रणका कार्यक्रम सञ्चालन गरिने छ । वन्यजन्तु र मानवबिच हुने द्वन्द्व न्यूनीकरणका लागि कार्यक्रम सञ्चालन गरिने छ ।

२०. देशको आर्थिक विकासमा युवाको सहभागिता र उद्यमशीलता प्रवर्द्धन गरिने छ। युवालाई व्यवसायिक सिप एवम् प्राविधिक शिक्षा प्रदान गरी स्वरोजगार र रोजगारीका अवसर सिर्जना गरिने छ । खेल पूर्वाधारको विकास गरिने छ । खेलाडीको क्षमता विकास, प्रतियोगिता सञ्चालन र प्रोत्साहनका कार्यक्रम सञ्चालनमा ल्याइने छ । युवालाई स्वस्थ र अनुशासित बनाउन मार्शल आर्ट कार्यक्रम तत् तत् तहबाट सञ्चलान गर्ने गरी ..... । मार्शल आर्टलगायतका खेललाई गाउँ, टोलसम्म विस्तार गरिने छ । क्रिकेट खेलको लागि अन्तर्राष्ट्रियस्तरको पूर्वाधार विकास र प्रशिक्षणमा जोड दिइने छ ।

२१. आर्थिक एवम् सामाजिक विकासमा महिलाको योगदानको उच्च सम्मान गर्दै महिला उद्यमशीलता र रोजगारी प्रवर्द्धन गरिने छ । विपन्न र कमजोर वर्गको सामाजिक संरक्षण गरिने छ । लैङ्गिक विभेद र महिला हिंसा न्यूनीकरणका कार्यक्रमलाई विस्तार गरिने छ। वर्गीय, जातीय, क्षेत्रीय, भाषिक र लैङ्गिक विभेद तथा सबै प्रकारका जातीय छुवाछुत र कुरीतिको अन्त्य गर्न कार्यक्रम सञ्चालन गरिने छ । आर्थिक र सामाजिक हिसाबले वञ्चितिमा परेका वर्गको सशक्तीकरण एवम् मूलप्रवाहीकरण गर्न कार्यक्रम सञ्चालन गरिने छ । जेष्ठ नागरिकको मर्यादित जीवनको सुरक्षा र बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिइने छ । अपाङ्गता भएका व्यक्तिको सम्मानपूर्वक जीवनयापन गर्ने अधिकार सुनिश्चित गरिने छ । सामाजिक सुरक्षाका कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाइने छ । अति विपन्न, दलित, लोपोन्मुख, सीमान्तकृत एवम् आवासविहीनका लागि सुरक्षित आवास कार्यक्रम सञ्चालन गरिने छ ।

२२. मित्र राष्ट्रहरूसँग सन्तुलित र आपसी हित अभिवृद्धि गर्ने गरी नेपालको संविधानले निर्दिष्ट गरेबमोजिम परराष्ट्र नीति अवलम्बन गरिने छ र छिमेकी एवम् उदयमान अर्थतन्त्रमा भएको विकासबाट लाभ प्राप्त गर्ने गरी आर्थिक कूटनीति सञ्चालन गरिने छ । बहुपक्षीय सङ्घ संस्थासँगको सम्बन्ध नेपालको हित र आर्थिक सुरक्षा संवर्द्धन गर्नेतर्फ लक्षित हुने छ । वैदेशिक लगानी र व्यापार प्रवर्द्धनको लागि विदेशस्थित नेपाली नियोगहरूलाई परिचालित गरिने छ । कन्सुलर सेवालाई सहज र सरल र सहज बनाइने छ ।

२३. वित्तीय सङ्घीयतालाई सबल पार्न प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने अनुदानलाई व्यवस्थित बनाइने छ । सङ्घ, प्रदेश र स्थानीय तहबाट आयोजना कार्यान्वयन दोहोरोपन हुन नदिने व्यवस्था मिलाइने छ। राष्ट्रिय महत्त्वका र रणनीतिक प्रकृतिका आयोजना र कार्यक्रम सङ्घबाट कार्यान्वयन गर्ने नीति लिइने छ । प्रदेश तथा स्थानीय तहबाट सञ्चालन हुन सक्ने आयोजना तथा कार्यक्रम तत् तत् तहबाट सञ्चालन गर्ने गरी हस्तान्तरण गर्दै लगिने छ । प्रदेश तथा स्थानीय सरकारको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिने छ ।

२४. निजी क्षेत्रको समेत संलग्नतामा जनशक्तिको सिप विकास गरी स्वदेशमा रोजगारी अवसर बढाइने छ । औद्योगिक श्रम सम्बन्धलाई थप व्यवस्थित गरिने छ । कार्यस्थलमा आधारित प्रशिक्षण प्रदान गरी थप रोजगारीका अवसर सिर्जना गरिने छ । वैदेशिक रोजगारीमा जाने युवाहरूका लागि आवश्यक सिप अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गरिने छ । वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाइने छ । विप्रेषणलाई सहज र औपचारिक माध्यमबाट भित्र्याउन प्रोत्साहन गरिने छ ।

२५. वित्तीय क्षेत्रलाई स्वस्थ एवम् प्रभावकारी बनाइने छ । वित्तीय मध्यस्थता लागत कम गरी लगानीको लागि पुँजीमा पहुँच सहज बनाइने छ । बैङ्क तथा वित्तीय सङ्घ, संस्था, लघुवित्त, बिमा र पुँजी बजारको पारदर्शिता र जवाफदेहितालाई अभिवृद्धि गर्न नियमनलाई सुदृढ गरिने छ । वित्तीय क्षेत्रका नियमनकारी निकायको संस्थागत क्षमता विकास गरिने छ । सहकारी क्षेत्रको नियमनलाई सबल बनाउन नीतिगत र कानुनी सुधार गरिने छ ।

२६. सूचना प्रविधिको प्रयोगमार्फत सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, सहज र पहुँचयोग्य बनाइने छ । सार्वजनिक प्रशासनको क्षमता अभिवृद्धि गर्दै चुस्त र

सक्षम बनाई नतिजामुखी प्रशासनको विकास गरिने छ। प्रदेश र स्थानीय तहबाट हुने सेवा प्रवाहलाई प्रभावकारी बनाउन समन्वय र सहकार्य गरिने छ । राष्ट्रिय सुरक्षासँग सम्बन्धित निकायको क्षमता विकास गरिने छ । न्याय प्रणालीलाई छिटो, छरितो र पहुँचयोग्य बनाउन संस्थागत क्षमता बढाइने छ । विस्तृत शान्ति सम्झौताका बाँकी काम सम्पन्न गरिने छ । अपराध नियन्त्रण गरी शान्ति सुव्यवस्था कायम गर्न सुरक्षा प्रणालीलाई सुदृढ गरिने छ। भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्न क्रियाशील निकायहरूको क्षमता विकास गरिनेछ ।

सम्माननीय अध्यक्ष महोदय,

२७. माथि उल्लेखित प्राथमिकताका क्षेत्रमा बजेट विनियोजन गर्दा उत्पादनशील तथा परिणाममुखी आयोजना र कार्यक्रमलाई प्राथमिकता दिइने छ । बजेट विनियोजन गर्दा स्रोतको सीमिततालाई मध्यनजर गर्दै निश्चित आधार र मापदण्ड तयार गरी आर्थिक एवम् सामाजिक लाभ उच्च भएका, बहुसङ्ख्यक जनता लाभान्वित हुने, छिटो प्रतिफल दिन सक्ने र तयारी पूरा भएका आयोजना तथा कार्यक्रम छनौट गरिने छ । राष्ट्रिय गौरव र रणनीतिक महत्त्वका आयोजनालाई रकम अभाव हुन दिइने छैन । साधारण खर्चमा मितव्ययिता कायम गर्दै वाञ्छित सीमाभित्र राख्ने र वित्त अनुशासन कायम गर्ने नीति लिइने छ । वैदेशिक ऋणलाई उच्च प्रतिफल दिने प्राथमिकता प्राप्त क्षेत्रमा उपयोग गरिने छ ।

२८. अनुगमन प्रणालीलाई सुदृढ गरी बजेट कार्यान्वयनलाई परिणाममुखी बनाइने छ । सार्वजनिक खरिद तथा ठेक्का व्यवस्थापनमा सुधार गरी पुँजीगत खर्चको प्रभावकारिता बढाइने छ । पूर्वाधार आयोजनाको कार्यान्वयनमा देखिएको ढिलासुस्ती हटाउन नीतिगत, कानुनी तथा प्रक्रियागत सुधार गरिने छ । आयोजना व्यवस्थापनलाई प्रभावकारी बनाउन संस्थागत क्षमता विकास, कार्यकुशलता र जवाफदेहिता अभिवृद्धि गरिने छ ।

२९. सरकारको खर्चको आवश्यकता पूरा गर्न राजस्व प्रशासनलाई प्रभावकारी बनाइने छ । राजस्व नीतिमा समयानुकूल परिमार्जन गरिने छ। राजस्व प्रशासनको दक्षता बढाई राजस्व उत्पादकत्व अभिवृद्धि गरिने छ । राजस्व प्रशासनमा आधुनिक प्रविधिको अधिकतम उपयोग गरी पारदर्शिता कायम गरिने छ । करदातामैत्री प्रणाली विकास गरी कर परिपालनामा सुधार गरिने छ । राजस्व

परिचालनसँग सम्बन्ध निकायको संस्थागत सुदृढीकरण एवम् अन्तरनिकाय समन्वय बढाई राजस्व चुहावट नियन्त्रण गरिने छ ।

सम्माननीय अध्यक्ष महोदय,

३०. विनियोजन विधेयकका प्रस्तुत सिद्धान्त तथा प्राथमिकताका आधारमा तर्जुमा गरिने आर्थिक वर्ष २०८०/८१ को बजेटको कार्यान्वयनबाट वर्तमान अवस्थामा देखिएका समस्या र चुनौतीको सामना गर्दै अर्थतन्त्रलाई गतिशील बनाउने तथा आर्थिक, सामाजिक विकासको माध्यमबाट समुन्नत नेपाल निर्माण गर्न सघाउ पुग्ने विश्वास लिएको छु ।

३१. विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकताउपर सम्मानित सदनमा छलफल भई माननीय सदस्यज्यूहरूबाट रचनात्मक सुझाव तथा सल्लाह प्राप्त हुने आशा गरेको छु । माननीय सदस्यहरूबाट प्राप्त हुने सुझाव आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मार्गदर्शनको रूपमा लिइनेसमेत विश्वास दिलाउन चाहन्छु । धन्यवाद ।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले आर्थिक वर्ष, २०८०/८१ का लागि "विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्तावबाहेक) सभामा छलफल गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु । धन्यवाद ।

**(१८:१४ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, "विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्तावबाहेक) सम्बन्धमा यही मिति २०८० साल वैशाख २५ र २६ गते राष्ट्रिय सभाको बैठकमा छलफल हुने र छलफलमा उठेका प्रश्नको माननीय अर्थमन्त्रीले वैशाख २६ गते जवाफ दिनुहुने बेहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, उक्त दिन विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता कर प्रस्तावबाहेकमा मात्र सीमित भई छलफल हुने र छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूको नाम दलीय प्रतिनिधित्वको आधारमा आजै कार्यव्यवस्था शाखा, राष्ट्रिय सभामा उपलब्ध गराइदिनुहुन जानकारी गराउँछु ।

माननीय सदस्यहरू, विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता कर प्रस्तावबाहेक सम्बन्धमा माननीय सदस्यहरूले उठाउनुहुने विषयहरूलाई सभामा उपस्थित भई टिपोट गर्न अर्थ मन्त्रालय र संघीय संसद सचिवालयलाई निर्देशन गर्दछु ।

मानननीय सदस्यहरू, आर्थिक वर्ष, २०८०/८१ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा कर प्रस्तावबाहेक सम्बन्धी पुस्तिका माननीय सदस्यहरूले उपस्थिति जनाउने टेबलबाट वितरण हुने व्यवस्था मिलाएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल वैशाख २५ गते सोमवार बिहान १० बजेर ३१ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल वैशाख २५ गते सोमवार बिहान १० बजेर ३१ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १८:१५ बजे ।**